

सम्माननीय प्रधानमन्त्री केपी शर्मा ओलीज्यूले नवनियुक्त मन्त्रीहरु एवं सचिवहरुलाई दिनुभएका

# निर्देशनहरू



सम्माननीय प्रधानमन्त्री केपी शर्मा ओलीज्यूले
नवनियुक्त मन्त्रीहरू एवं सचिवहरूलाई दिनुभएका

# निर्देशनहरू

(१)

# सम्माननीय प्रधानमन्त्री केपी शर्मा ओलीज्यूले नवनियुक्त मन्त्रीहरू एवं सचिवहरूलाई दिनुभएको निर्देशन

**सिंहदरबार, काठमाडौं**

**५ मंसिर २०७६**

*माननीय उपप्रधानमन्त्रीज्यू, माननीय मन्त्रीज्यूहरू,*
*माननीय राष्ट्रिय योजना आयोगका उपाध्यक्षज्यू,*
*माननीय राज्यमन्त्रीज्यूहरू, योजना आयोगका माननीय सदस्यज्यूहरू,*
*सचिवज्यूहरू, यहाँ उपस्थित विशिष्ट व्यक्तित्वहरू र पत्रकार साथीहरू !*

२०७४ साल फागुन ३ गते गठित मन्त्रिपरिषद्को हिजो पुनःगठन भयो र माननीय नयाँ मन्त्रीज्यूहरूले, राज्यमन्त्रीज्यूहरूले आज बिहान सपथग्रहण गर्नुभएको छ। म नयाँ मन्त्रीज्यूहरूलाई हार्दिक बधाई ज्ञापन गर्न चाहन्छु र शुभकामना भन्न चाहन्छु। तपाईहरूले काममा सफलता प्राप्त गर्नुहोस्। तपाईहरूको  सफल कार्यकाल र सफल कामको प्रतिफल र तपाईहरूले विकास निर्माण, सुशासन र जनताको सेवामा पुऱ्याउनु भएका योगदानबाट सुयश र सुकीर्ति फैलियोस्। धेरैधेरै शुभकामना भन्न चाहन्छु।

**... जीवनका समग्र सुरक्षाका प्रबन्धसँग र सम्मानपूर्ण जीवन बाँच्ने, समानता र सम्मानजनक अधिकारको उपभोगतर्फ अग्रसर भएन भने त्यस्तो राजनीतिक परिवर्तन अपूर्ण हुन्छ, अपर्याप्त हुन्छ र एकांगी हुन्छ।**



हामी एउटा विशेष अवस्थाबाट गुज्रिरहेका छौं। राष्ट्रमा ठूलो राजनीतिक परिवर्तन आएको छ। राजनीतिक परिवर्तन राजनीतिक परिवर्तनकै सीमाभित्र रह्यो, त्यसले सामाजिक, आर्थिक वा साँस्कृतिक परिवर्तनको तहमा विकास गरेन भने, त्यसले राजनीतिक परिवर्तन जति सकारात्मक भए पनि यदि त्यो परिवर्तन जनताको दैनिक जीवनसँग जोडिएन भने, उनीहरूको जीविका, जीविकापार्जनसँग, उनीहरूको जीवनस्तर उकास्ने कुरासँग, उनीहरूले प्राप्त गर्ने अधिकारको उपभोगसँग ती अधिकार प्राप्त गर्ने सामर्थ्य, विकास र पहुँचसम्म, समाजका, जीवनका समग्र सुरक्षाका प्रबन्धसँग र सम्मानपूर्ण जीवन बाँच्ने, समानता र सम्मानजनक अधिकारको उपभोगतर्फ अग्रसर भएन भने त्यस्तो राजनीतिक परिवर्तन अपूर्ण हुन्छ, अपर्याप्त हुन्छ र एकांगी हुन्छ। र, जनतामा त्यस परिवर्तनको बोध हुँदैन। त्यस अवस्थामा परिवर्तनले जनताको जीवनमा महत्त्व राख्दैन।

हामीले बलिदान दिएर, लामो सङ्घर्षबाट प्राप्त गरेको यस उपलब्धिलाई, यस राजनीतिक परिवर्तनलाई आर्थिक विकास र समृद्धि, भ्रष्टाचारमुक्त, स्वच्छ, सुशासनयुक्त, सेवामुखी सरकार, प्रशासन र तीब्रतर आर्थिक वृद्धि, आत्मनिर्भरतातर्फ अग्रसर अर्थतन्त्रको आधारमा उभ्याउनु पर्दछ, जसबाट स्वभाविक रूपमा आयात प्रतिस्थापन र निर्यात प्रबर्द्धनको बाटो अर्थतन्त्रले समाउँछ। त्यसले आजको बेरोजगारी हटाउने र घटाउने काम गर्छ। हामी लोकतन्त्रलाई राजनीतिक लोकतन्त्र मात्र होइन, सम्पूर्ण लोकतन्त्र (Comprehensive Democracy), जसले सिंगो समाजसँग, समाजका हरेक सदस्यसँग प्रत्यक्ष सरोकार राख्दछ। खासगरी अधिकारको हिसाबले, अवसरको हिसाबले, सुरक्षित जीवन र सम्मानित जीवनको हिसाबले कोही पनि पछाडि नपरोस् र कोही पछाडि नछुटोस्। कसैले गुनासो गर्ने ठाउँ नहोस्, त्यस्तो लोकतन्त्र नै सम्पूर्ण लोकतन्त्र हो। हामी सामाजिक न्याय र समानतासहितको समृद्धि भएको त्यस्तो लोकतन्त्र स्थापित गर्न र त्यसतर्फ अगाडि बढ्न चाहन्छौं।

हामीले आफ्नो राष्ट्रिय आकांक्षा– *समृद्ध नेपाल : सुखी नेपाली* तय गरेका छौं। यो आकांक्षा पूरा गर्न यसभित्र राष्ट्रिय राजनीति, राष्ट्रिय अर्थतन्त्र, राष्ट्रिय सामाजिक व्यवस्था, समाज र संस्कृति सबै क्षेत्रलाई वेष्ठित गर्दछौं। यस आकांक्षाको अलिकति विस्तृत रूप *समृद्ध नेपालः सुखी नेपाली* हो। यसको अलिकति विस्तृत रूप नै सम्पूर्ण लोकतन्त्र हो। हामी यही बाटोबाट जाने भनेका छौं।

यो लक्ष कसले पूरा गर्छ? यसको नेतृत्व(ड्राइभ) कसले गर्छ? यस कोठामा कोही छुटेको होला, तर जोजो यहाँ उपस्थित छौं, तपाईहरूले नै सिंगो

**खासगरी अधिकारको हिसाबले, अवसरको हिसाबले, सुरक्षित जीवन र सम्मानित जीवनको हिसाबले कोही पनि पछाडि नपरोस् र कोही पछाडि नछुटोस्। कसैले गुनासो गर्ने ठाउँ नहोस्, त्यस्तो लोकतन्त्र नै सम्पूर्ण लोकतन्त्र हो।**



नेपाली जनताको आकांक्षा, समृद्धिको आकांक्षा, स्वच्छताको आकांक्षा, तीव्र गतिमा आर्थिक विकासको आकांक्षा, सुशासनको आकांक्षा, सेवा प्रवाहको आकांक्षा यी सबै आंकाक्षा पूरा गर्ने भनेको यहाँ उपस्थित हुनुभएका मन्त्रीजीहरू र सचिवजीहरू, अर्थात् ड्राइभिङ सीटमा हामी जो बसेका छौं, हामीले नै ड्राइभ गर्नुपर्दछ। योजना आयोगसहित हामी जो यहाँ छौं, यो नै खास ड्राइभिङ *इलिमेन्ट* हो, *फ्याक्टर* हो। हामी त्यसखालको गंभीरताका साथ चल्नु जरुरी छ।

जुन चिजहरू प्राप्त गर्ने हामीले अठोट लिएका छौं, संकल्प गरेका छौं र जुन हाम्रो सार्वजनिक प्रतिबद्धता रहेको छ, खुला प्रतिबद्धता छ–देशका अगाडि, जनताका अगाडि अर्थात् दुनियाँका अगाडि स्पष्ट छ। हामीले देशभित्र जनताको बीचमा र बाहिर अन्तर्राष्ट्रिय जगत र अन्तराष्ट्रिय मञ्चहरूमा पनि यिनै कुराहरूलाई खुलस्त ढंगले भनेका छौं, आफ्नो स्पष्ट भिजन प्रस्तुत गरेका छौं– यसरी काम गर्छौं भनेर हामीले प्रतिबद्धता जनाएका छौं।

यो काम हाम्रो सामूहिक प्रयासबाट मात्रै सम्भव छ। हामी सबैको सामूहिक प्रयासबाट यो संकल्पलाई मूर्त ढंगले कार्यरूप दिन चाह्यौं भने हामीले पूरा गर्न नसक्ने काम केही छैन।

अहिले जनता भनिरहेका छन्, अस्ति त तपाईंहरूले सात दिनमा उधूमै पो काम गर्नुभयो त ! बाटो टिलिक्क, सफा र चिटिक्क पार्नुभयो। नयाँ बाटो पनि बन्यो। खाल्डाखुल्डी पनि पुरिए। सात दिनमा धेरै काम भयो। यदि तपाईंहरूले गर्न चाहनु भयो भने त गर्न सक्नुहुँदो रहेछ भनेर हाम्रो सामर्थ्यमाथि जनताले विश्वास प्रकट गरेका छन्। हो, गर्न चाह्यौं भने गर्नसक्ने रहेछौं है भनेर हाम्रो सामर्थ्यमा जनताले विश्वास जाहेर गरेका छन्।

हामी गर्छौं कि गर्दैनौं भन्ने कुरामा जनताको फेरि प्रश्नवाचक चिन्ह हुने नै भयो  र छ। हामी गर्न सक्छौं कि सक्दैनौं ? गर्ने इच्छा राख्छौं कि राख्दैनौं ? हाम्रो प्रतिवद्धता साँच्चै छ कि छैन ? हामी त्यस प्रतिबद्धता अनुसार गतिशील हुन्छौं कि हुँदैनौं ? गर्न चाह्यौं भने गर्न सक्छौं, गर्नसक्ने रहेछौं। हामीले वितेको डेढ वर्षमा जे कामहरू गरेका छौं र जेजस्ता उपलब्धिहरू हासिल गरेका छौं, तिनले जनतामा हामीप्रति आशा, विश्वास र भरोसा जगाएका छन्। परिणामहरूले असाधारण उपलब्धि देखाएका छन्, जसले हामी र अरुबीच भिन्नता स्पष्टै देखिएको छ। त्यसकारण हामी गर्न सक्छौं। जुनसुकै काम गर्नको निम्ति हाम्रो साझा संकल्प चाहिन्छ। त्यस संकल्पलाई हामीले आ–आफ्नो ठाउँबाट, आ–आफ्नो कार्यक्षेत्रबाट, आ–आफ्नो मन्त्रालयबाट, आ–आफ्नो विभाग, फाँट आदि जे छन्, त्यहाँबाट आआफ्नो मातहत, आफ्नो मातहतको स्रोत, शक्ति, सामर्थ्य, बुद्धि, बर्कत जे छ, त्यसलाई परिचालित गरेर अथवा मातहतका निकायहरू व्यवस्थित

**हामी यस्तो विधि र पद्धतिमा जानुपर्‍यो कि आ–आफ्नो मन्त्रालयका गतिविधि र सम्पूर्ण संयन्त्रको काम साझा र समन्वयात्मक ढंगले हुनुपर्छ। त्यस स्थितिको सुनिश्चितता गरिनुपर्छ।**



रूपमा परिचालित गरेर अगाडि बढाउन सक्छौं। हामी आफै मात्र सक्रिय भएर त केही पनि हासिल हुँदैन।

म जति छट्पटाए पनि मन्त्रिपरिषद्को टिम चट्पटाएन भने प्रधानमन्त्री मात्रै छट्पटाएर के हुन्छ ? त्यसकारण छट्पटाउने र चट्पटाउनेको टिमवर्क मिल्नुपर्‍यो। मन्त्रिपरिषद्ले गति लिनुपर्‍यो। सचिवले राम्ररी त्यसमा ध्यान नदिने हो भने मन्त्री मात्रैले फट्याकफट्याक गरेर के गर्ने ? सचिवले आफ्नो मातहतलाई राम्ररी परिचालन नगर्ने हो वा गरेन भने सचिव मात्रै कुदेर के गर्ने ? त्यसकारण हामी यस्तो विधि र पद्धतिमा जानुपर्‍यो कि आ–आफ्नो मन्त्रालयका गतिविधि र सम्पूर्ण संयन्त्रको काम साझा र समन्वयात्मक ढंगले हुनुपर्छ। त्यस स्थितिको सुनिश्चितता गरिनु पर्छ।

मैले जहिले पनि भनिराखेको छु, समन्वयात्मक ढंगले काम हुनुपर्‍यो। एउटाले खाल्डो खन्छ भने त्यो खाल्डोबाट के के परिणाम र दुष्परिणामहरू

सिर्जना हुनसक्छन् ? अर्को मन्त्रालयसँग पनि सान्वय गरेर बिजुलीको पोल, खानेपानीको पाइप, ढल, टेलिफोन आदि बनाउँदा हुँदैन ? यहाँ त एउटाले बाटो बनाउँछ, अर्कोले भत्काउँछ र भत्काएर त्यसै छाड्ने पो गर्छ। भत्काउनेले पहिले सल्लाह र समझदारीबिना बाटो भत्काउनु भएन। अझ भत्काएर त्यसै असरल्ल छाडिदिनु भएन। जसले भत्काउँछ, बनाउनु भन्दा अगाडि मैले यो यो काम गर्छु भनेर सम्बन्धित अरु निकायहरूलाई स्पष्ट भन्नुपर्‍यो। यदि त्यसो होइन भने सम्बन्धित मन्त्रालयलाई जानकारी नदिएर भत्काएको बाटो कसले बनाउँछ ? कति समयमा बनाउँछ ? त्यसको एकीन गरेर मात्रै भत्काउनु पर्‍यो। सडकमा गयो खन्यो छाडिदियो, खाल्डो पार्‍यो छाडिदियो ! त्यसो गर्न मिलेन। म कति ठाउँमा देख्छु, मेलम्चीको खाल्डो भनेर खनेको छ, भत्काइदिएको छ र त्यत्तिकै छाडेको छ। अनि सडकलाई सोध्यो भने ए भत्काएछ हामीलाई त थाहा नै पो भएन भन्ने जवाफ आउँछ। अब त्यसो गर्नुभएन। समन्वयात्मक ढाँचा र ढंगमा काम हुनुपर्‍यो र सम्बन्धित मन्त्रालय र निकायलाई जानकारी दिएर मात्रै यस्ता काम हुनुपर्‍यो। एकातिर विकास गर्दा अर्कोतिर विनाश त हुनु भएन नि ! विकासको काम समन्वयात्मक ढाँचा र समन्वयात्मक रूपमा हुनुपर्‍यो।

मैले सहकार्य मात्र होइन, सहउपयोगको नीतिको कुरा गरेको छु। सहउपयोगको नीति भनेको एउटा लठ्ठाबाट बिजुली पनि जान्छ, टेलिफोन पनि लैजान सकिन्छ अथवा एउटाले लठ्ठा तयार गरिसकेको छ भने त्यसमा न्यूनतम शुल्क तिरेर अर्कोले पनि त्यसलाई प्रयोग गर्न सक्छ। हामीले अप्टिकल फाइवरको महामार्ग भनेका छौं। अप्टिकल फाइवर लाने कुरा विद्युतको पोलमार्फत हुनसक्छ। यस्तै एउटा दूरसंचार कम्पनी सरकारी होस् वा निजी, त्यसले एउटाले टावर बनाएको छ भने लागेको शुल्क

**म कति ठाउँमा देख्छु मेलम्चीको खाल्डो भनेर खनेको छ, भत्काइदिएको छ र त्यत्तिकै छाडेको छ। अनि सडकलाई सोध्यो भने ए भत्काएछ हामीलाई त थाहा नै पो भएन भन्ने जवाफ आउँछ। अब त्यसो गर्नुभएन। समन्वयात्मक ढाँचा र ढंगमा काम हुनुपर्‍यो र सम्बन्धित मन्त्रालय र निकायलाई जानकारी दिएर मात्रै यस्ता काम हुनुपर्‍यो।**



तिरेर अर्कोले त्यसको प्रयोग गरोस् न ! त्यहाँ फेरि अर्को पनि टावर, अर्को पनि टावर गरेर दोब्बरतेब्बर खर्च किन गर्ने ? मेरो संरचनाबाट त लैजान दिन्न भन्न के जरुरी छ ? एउटामा टेलिभिजनको टावर राखेको छ, त्यहाँ रेडियोको पनि टावर राख्दा हुन्छ भने त्यसको सहउपभोग गरे हुन्छ नि ! फेरि त्यहीं अर्को अलग्गै टावर खडा गर्‍यो, अर्को पनि खडा गर्‍यो गरेर डाँडाभरि टावरैटावर बनाउनु हुँदैन। एउटालाई धेरैले प्रयोग गर्न सकिन्छ भने सहउपयोग त गर्नुपर्दछ। प्राविधिक हिसाबले सकिंदैन भने बेग्लै कुरा हो। यदि सकिन्छ भने सहउपयोगको बाटोबाटै जानुपर्छ। त्यसो गर्दा लागत खर्चमा किफायती हुन्छ। पहिले जसले बनाएको छ वा एउटाले बनाइसकेको छ भने अथवा दुईवटाले संयुक्त रूपमा मिलेर आधाआधा मूल्यमा बनाउन सकिन्छ र आधाआधा प्रयोग गर्न सकिन्छ भने दुबैले उत्तिकै प्रयोग गर्न सकिन्छ। कमवेसी प्रयोग होला, तर यसो गर्दा आधा मूल्य वचत हुन्छ, आधा जमिन वचत हुन्छ, आधा समय वचत हन्छ। सबैको आधाआधा हिस्सा वचत हुन्छ। त्यसकारण यसकिसिमको वचत गर्न हामीले ध्यान

दिनुपर्छ। यतापट्टि काम गर्न र यस खालको तालमेल गर्नका लागि म सबै साथीहरूको ध्यानकषर्ण गर्न चाहन्छु।

अहिले हामी पहिलो चौमासिक अवधिमा गतवर्षको पहिलो चौमासिकको जुन कार्यसम्पादन थियो अथवा पूँजीगत खर्च थियो, त्योभन्दा तुलनात्मक रूपले पछाडि पर्‍यौं। अनुभवहरूले हामी अझ अगाडि बढ्नुपर्ने ठाउँमा पहिलो चौमासिकमा गतवर्षभन्दा पछाडि रहेका छौं। एकातिर समयमा पानी परेन। किसानले समयमा खेत रोप्न पाएका छैनन्। अर्कोतिर फौजी कीराले धानबाली नोक्सान गरेको छ। यो अवस्था छँदैछ। यी कुराहरूले समेत हाम्रो कृषि उपजको उत्पादनमा कमी हुने खतरा, केही कमी आउने समस्या देखिएको छ। अरु उद्योगहरूको स्थापना, संचालन र कारोबार बृद्धिजस्ता कुराहरू वा पर्यटक आगमनमा बृद्धि वा अरु व्यवसायको बृद्धि, सेवा क्षेत्रको सक्रियतामा बृद्धि आएन भने यस कमीलाई परिपूर्ति गर्न सकिदैन। त्यसकारण यस घाटालाई परिपूर्ति गर्नेगरी हामी अगाडि बढ्नु आवश्यक छ। यसो गर्दा पूँजीगत खर्च बढाउन ध्यान दिनु जरुरी छ।

पूँजीगत खर्चको न्यूनता डरलाग्दो कुरा हो। पूँजीगत खर्च नै नहुँदा प्रतिफल कहाँबाट आउँछ? उत्पादन कहाँबाट हुन्छ? हामीले हरेक महिनामा मूल्याङकन गर्छौं, दुई महिनामा मूल्याङ्कन गर्छौं, तीन महिनामा मूल्याङ्कन गर्छौं। यसको अर्को गम्भीर मूल्याङ्कन हामी चार महिनापछि फागुनको अन्त्यमा गर्नेछौं, जो दोस्रो चौमासिकको मूल्याङ्कन हुनेछ। दोस्रो चौमासिकमा सबैका कामको मूल्याङ्कन हुन्छ। पहिलो चौमासिकमा रहेका कमी पनि योजनाबद्ध काम र लक्ष निश्चित गरेर, गति तीब्र पारेर हामीले दोस्रो चौमासिकमा लक्ष पूरा गर्नेगरी काम गर्नु आवश्यक छ। यसको पनि

**मेरो आग्रह छ, पूँजीगत खर्च  न्यूनतम ५० प्रतिशत, नत्र पुग्नुपर्ने त ६६ प्रतिशत नै हो। खासमा पूँजीगत खर्च ६६ प्रतिशतभन्दा बढी पुग्नुपर्ने हुन्छ, किनभने यहीँ बीचमा पूँजीगत खर्च गर्नसक्नुपर्छ, अन्यथा पछि त प्रतिफलतर्फ जाने कुरामात्रै हुन्छ। पछि त हामीले ८० प्रतिशत पुऱ्याउने बेला हो।**



क्षतिपूर्ति गर्नेगरी र दोस्रो चौमासिकमा ५० प्रतिशतभन्दा बढी पूँजीगत खर्च हुनेगरी अगाडि बढ्नु जरुरी छ। यो लक्ष हासिल गर्नका लागि कुन रफ्तार र गतिमा काम गर्नुपर्छ भन्ने मैले यहाँ भनिराख्नु पर्दैन। अहिलेको स्तर र अर्को चौमासिकमा ५० प्रतिशत पुग्नेगरी काम गर्ने हो भने, कम्तिमा ५० प्रतिशतभन्दा बढी पूँजीगत खर्च त गर्नुपर्ने हुन्छ।  नत्रभने बाँकी चौमासिकले बाँकी ५० प्रतिशत खर्च गर्नै सक्दैन। यस हिसाबले यो दोस्रो चौमासिकमा पूँजीगत खर्च ५० प्रतिशतभन्दा माथि जानुपर्छ। यसले न्यूनतम ५० प्रतिशत पार गरेन भने पूँजीगत खर्चको धेरै बेहाल स्थिति बन्छ। त्यसकारण मेरो आग्रह छ, पूँजीगत खर्च  न्यूनतम ५० प्रतिशत, नत्र पुग्नुपर्ने त ६६ प्रतिशत नै हो। खासमा पूँजीगत खर्च ६६ प्रतिशतभन्दा बढी पुग्नुपर्ने हुन्छ, किनभने यही बीचमा पूँजीगत खर्च गर्नसक्नुपर्छ अन्यथा पछि त प्रतिफलतर्फ जाने कुरामात्रै हुन्छ। पछि त हामीले ८० प्रतिशत पुऱ्याउने बेला हो। यसरी कार्यसम्पादन नगर्ने हो भने हामीले अहिलेको कमी वा न्यूनता परिपूर्ति गर्न पछि सक्दैनौं। अनि आर्थिक बर्षको अन्त्यमा 'असारे विकास' भनेर

आलोचित हुने र असारमा लगेर बजेट फ्रीज हुने भयो भनेर रन्थनिनु पर्छ। विकासको नाममा पूँजीगत खर्च भएन भने फ्रिज हुने कुरासँग डराएर मात्रै बजेट खर्च गर्ने कुरा उचित होइन। अनावश्यक खर्च गर्नुभन्दा त रकम फ्रिज हुनु राम्रो हो। बजेट फ्रिज हुँदा क्यापिटल बस्छ। तर फ्रिज हुन नदिएर अनावश्यक खर्च गर्दा बेकारमा फजूल खर्च हुन्छ। पूँजीगत खर्च फ्रिज हुन नदिने भनेको विकासका काम गरेर नै हो। अनावश्यक खर्च गरेर फ्रिज हुन नदिने, पैसा बाँकी रह्यो, त्यसकारण घुम्न जानेजस्ता कुरासमेत कतिपय ठाउँमा सुनिने र देखिने गरेका छन्। त्यसो गर्नु उचित होइन। त्यसरी खर्च गर्ने रवैयालाई नियन्त्रण गर्नुपर्छ।

मन्त्रीज्यूहरूले, सचिवज्यूहरूले यो चौमासिकमा, आजको मितिमा, पहिलो चौमासिक सकिएको यतिबेला र यस बिन्दुमा यस कार्य प्रगतिको समीक्षा गर्नुपर्छ।  तीन वा चार दिनभित्र मुख्य सचिवजीले समन्वय गरी समीक्षा बैठकमा यसैगरी बसेर फेरि त्यहाँ छलफल गर्नेछौं। अहिले हामी कहाँनेर छौं ? यहाँनेर किलो गाडेपछि यस किलोभन्दा हामी कति अगाडि बढ्यौं ? त्यसपछिको मूल्याङ्कन हामीले फेरि गर्नेछौं। आजको मितिमा कहाँ छौं ? अथवा दोस्रो चौमासिक लाग्दा हामी यहाँ छौं र यसको लक्ष यति पूरा भयो, यति भएन र यसको बाँकी लक्ष यसरी पूरा गर्छौं भन्ने कार्ययोजना बनाउँछौं। आगामी तीन चार दिनभित्र हामी फेरि यसैगरी बसेर छलफल गर्छौं, अनि हाम्रो गति र कार्ययोजना त्यहीं गरिने समीक्षाअनुसार पुनःनिर्धारण गर्छौं। अन्यथा, हामीले तोकिएको लक्ष हासिल गर्न सक्दैनौं। चार दिनभित्र हामी समीक्षा बैठक गर्न सक्छौं। अत्यावश्यक तथ्यविवरण त हामीसँगै छन्। यसको तयारीमा जुट्न म साथीहरूलाई आग्रह गर्न चाहन्छु।

**पूँजीगत खर्च फ्रिज हुन नदिने भनेको विकासका काम गरेर नै हो। अनावश्यक खर्च गरेर फ्रिज हुन नदिने, पैसा बाँकी रह्यो, त्यसकारण घुम्न जानेजस्ता कुरासमेत कतिपय ठाउँमा सुनिने र देखिने गरेका छन्। त्यसो गर्नु उचित होइन। त्यसरी खर्च गर्ने रवैयालाई नियन्त्रण गर्नुपर्छ।**



मन्त्रीहरूका बीचमा आपसी सहयोग र पारस्परिक समन्वय अत्यन्त जरुरी छ। एउटा मन्त्रालय र अर्को मन्त्रालयको बीचमा समन्वय मिलाउनु पर्छ। कृषि र आपूर्तिका बीचमा मल एउटाले ल्याउँछ, अर्कोले मलको प्रयोग गर्छ, त्यहाँ समन्वय नभई नहुने हुन्छ। सिंचाइ एउटाले गर्छ, खेतमा बाली एउटाले लगाउँछ र बीऊविजनको कारोबार अर्कैबाट हुन्छ। यस्ता काममा अनिवार्य रूपमा समन्वय मिलाउनै पर्ने हुन्छ। विद्युतको यस्तै कुरा छ। उद्योग एउटाले खोल्छ, त्यसलाई ट्रान्समिसन लाइन र विद्युत दिनुपर्छ। त्यहाँसम्म बिजुलीका पोल अर्कोले पुर्‍याइदिनु पर्छ। अर्कोले बाटो लगायत पूर्वाधार पुर्‍याइदिनु पर्छ। यस्ता अन्तर्सम्बन्धित मन्त्रालयहरूले मिलेर काम गर्नुहोस् र काममा तीव्रता ल्याउनुहोस्।

यो काठमाडौंका खाल्डाखुल्डीको गीत कति सुन्ने? काठमाडौंका खाल्डाखुल्डी, जहिले सुन्यो त्यही सारङ्गी बज्छ। टेलिभिजन खोल्यो उही सारङ्गी, रेडियो खोल्यो उही सारङ्गी, अनलाइन हेर्‍यो उही सारङ्गी

अर्थात् काठमाडौंका खाल्डाखल्डीको न्याईंन्याईं। यो किन समाप्त नपार्ने ? त्यसकारण यो चौमासिकमा काठमाडौंका सबै खाल्डाखुल्डी समाप्त भएको हुनुपर्छ। आगामी चौमासिकभित्र कसको जिम्मेवारी के हो ? उसले आफ्नो जिम्मेवारी पूरा गर्नुपर्‍यो।

विकास निर्माणको काममा तीब्रता आएको छ। अहिले म जहाँ बसेको छु, त्यहाँ निर्माण कार्य चलिरहेकाले तीनतिरबाट धुलोले लपक्क छोप्छ। आफू विकासप्रेमी मान्छे हुँदा निर्माण कार्य हुने भएपछि ड्याङ्ड्याङ् डुङ्डुङ्, ट्याङ्ट्याङ् टुङ्टुङ्देखि लिएर जे हुनुपर्ने हो भयो भने सहनु परेको छ, सहन्छु। निर्माण भइराखेको ठाउँमा त ल ठीकै छ, निर्माण नभएको ठाउँमा पनि धुलो किन उड्छ ? धुलो उड्न नपाउने कसरी गर्ने ? वातावरणीय स्वच्छता कसरी कायम गर्ने ? सहरको सौन्दर्य कसरी कायम राख्ने ? ग्रिनरी कसरी बढाउने ? त्यसको जिम्मा कसले पूरा गर्ने हो ? एउटाले एक ठाउँको व्युटिफिकेसन गरेको हुन्छ। जस्तोकि तीनकुनेदेखि माइतिघरसम्मको व्यूटिफिकेसनको जिम्मा एउटाले लिएको हुन्छ, त्यहाँ पार्क सबै एउटाले बनायो, अर्कोले चाहिँ सोलार बत्तीका खम्बा बेच्यो। तर त्यहाँ जसले व्यूटिफिकेसन गरिरहेको छ, उसले आफ्नो प्रचार सामग्रीसम्म राख्न पाएन। यसरी एउटाले व्यूटिफिकेसन गर्छ, अर्कोले पोलसमेत बेच्छ ! अर्थात्, समन्वयात्मक रूपमा काम भएन। कसले के गरिदियो र सुन्दरता बिगारदियो मेरो कामको भनेर उसले गुनासो गर्छ। व्यूटिफिकेसनको जिम्मा एउटाले ल्याएको छ भने उसले यस्ता गुनासो गर्ने अवस्था त हुनुहुँदैन। अर्थात्, समन्वयात्मक ढंगले काम हुनुपर्छ। यसमा अन्तरविरोध र अलगथलग हुनुहुँदैन। मन्त्री मन्त्रीका बीचमा राम्रो समन्वय हुनुपर्‍यो। हामीले राज्यमन्त्री पनि बनाएका छौं। मन्त्री सर्वेसर्वा हुने, राज्यमन्त्रीले केही थाहा नपाउने,

**निर्माण भइराखेको ठाउँमा त ल ठीकै छ, निर्माण नभएको ठाउँमा पनि धुलो किन उड्छ ? धुलो उड्न नपाउने कसरी गर्ने ? वातावरणीय स्वच्छता कसरी कायम गर्ने ? सहरको सौन्दर्य कसरी कायम राख्ने ? ग्रिनरी कसरी बढाउने ? त्यसको जिम्मा कसले पूरा गर्ने हो ?**



झण्डा हालेर अफिस आउने, झण्डा हालेर घर फर्किने अवस्था हुनुहुँदैन। आपसी कार्य विभाजन गर्ने, राज्यमन्त्रीलाई साथ लिने र राज्यमन्त्रीसँगै काम गर्न ध्यान दिनुपर्छ। मन्त्रीले म नै सबै हुँ भनेर सबै एक्लैले गर्ने होइन कि राज्यमन्त्रीलाई पनि काम दिने गर्नुपर्छ। त्यसका निम्ति थुप्रै कामहरू छन् नि ! थुप्रै विभागहरूमध्ये यो काम तपाईं हेर्नुहोस् है भनेपछि त त्यसले राम्रै हुन्छ, कार्यसंपादनमा फाइदा नै गर्छ। यदि ऊर्जा र सिंचाइ के के छन् भने एउटालाई सिंचाइ दियो, एउटालाई तटबन्ध दियो, एउटालाई ऊर्जा दियो। यस हिसाबले समन्वयात्मक रूपमा काम गर्दा तपाईंले यो यो काम गर्नुहोस है भनेर भन्दा अन्तिम हस्ताक्षर गर्ने त आखिर मन्त्रीले नै हो। मन्त्री मन्त्री हो, राज्यमन्त्री राज्यमन्त्री हो। यो कामको जिम्मेवारी दिने, समन्वय र विश्वासमा काम गर्ने कुरा हो। यसो गर्नाले नराम्रो पर्दैन।

हामीले पावरटसल गर्ने होइन, हामी पावरका लागि लडिराखेका छैनौं। हामी विकासका लागि लडिराखेका छौं। त्यसकारण हामीले गर्ने पावरटसल

होइन। हामीले गर्ने कामको स्वस्थ प्रतिस्पर्धा हो। स्वस्थ प्रतिस्पर्धा गर्नुपर्‍यो। यस कुरामा साथीहरूको ध्यान जाओस्।

अर्को कुरा मन्त्रीजीहरूको र सचिवजीहरूको तालमेल नमिलिराखेको देखिन्छ। मन्त्री र सचिवको तालमेल नमिलेको, सचिव र महानिर्देशकको बीचमा तालमेल नमिलेकोजस्ता कुराहरू देखिन्छन्। यी र यस्ता तालमेलहरू मिलाउन जरुरी छ।

मैले अलिअलि मेरो पनि नाम जोडिन्छ कताकति भन्ने पनि सुन्ने गरेको छु। म सबैलाई स्पष्ट भन्न चाहन्छु, एकदम फेयरनेस, एकदम क्लिननेस, बजेट निकासा गर्दाखेरी, सही गर्दाखेरी, स्वीकृत गर्दाखेरी, स्वीकृतिको अन्तिम सही गर्दाखेरी, मोबिलाइजेशनको रकम दिंदाखेरी कहींकतै कसैले केही लोभ नगरौं। माथिदेखि तलसम्म कसैले लोभ नगरौं। प्रधानमन्त्रीलाई पनि यसमा हिस्सा चाहिन्छ भन्ने कहींकतै कसैलाई परेको छ भने त्यस प्रकारको भ्रम नपरोस्! प्रधानमन्त्रीले माग गर्छ भन्ने, मन्त्रीले माग गर्छ भन्ने यो हाम्रो नीतिविपरित क्रियाकलाप हो। तपाईंहरूले यस प्रकारको चलन गर्नुहुन्छ भने यो गलत र नीतिविपरित हो। यसरी हामी सही बाटोमा पुग्न सक्दैनौं।

मैले पहिले पनि भनेको छु, हाम्रो देश गरिब छ। कस्तो गरिबीको अवस्थामा जनता काम चलाइराखेका छन् भने यहाँ हामी जो छौं, हामी त आम्दानी भएका, स्रोतसुविधा पाएका 'भाग्यमानीहरू'को पक्तिमा पर्छौं। अनि यति भाग्यमानी मान्छेहरूले, यति सुविधा पाइराखेका मान्छेहरूले, यति राम्रै तलबसुविधा प्राप्त गरेकाहरूले लोभ गर्नु भएन। विकसित दुनियाँको तुलनामा हाम्रो तलबमान राम्रो छैन होला। यहाँ मन्त्रीको मात्रै होइन, मजदूरको कामदारको पनि तलब कम छ नि त! अस्ट्रेलियामा कामदारले

**नेपाली जनताको, नेपाली समाजको, नेपालको राष्ट्रिय आम्दानीको, नेपालको आर्थिक अवस्थाको तुलनामा हामीले लोभ गर्नुपर्ने कारण छैन र लोभ गर्नुहुँदैन। मैले भनेको छु, अनुगमन गरिराखेको छु। मान्छे पछाडि लगाइराखेको छु। अलिकति तलमाथि थाहा भयो भने त्यो कारबाहीको विषय बन्छ।**



बीस डलर प्रतिघण्टा ज्याला पाउँछ होला। यहाँ त बीस डलर प्रतिघण्टा होइन, कति दिनमा बीस डलर पाउँछ? त्यसकारण त्यहाँको बजार भाउ, त्यहाँको विकास, त्यहाँका अरु कुराहरू आदि सबै कुराहरूलाई हेर्नुपर्छ र हामीले जे प्राप्त गरिराखेका छौं, जुन तलब प्राप्त गरिराखेका छौं, यो नराम्रो होइन। नेपाली जनताको, नेपाली समाजको, नेपालको राष्ट्रिय आम्दानीको, नेपालको आर्थिक अवस्थाको तुलनामा हामीले लोभ गर्नुपर्ने कारण छैन र लोभ गर्नुहुँदैन। मैले भनेको छु, अनुगमन गरिराखेको छु। मान्छे पछाडि लगाइराखेको छु। अलिकति तलमाथि थाहा भयो भने त्यो कारबाहीको विषय बन्छ।

म भन्छु, स्वच्छ सरकार दिने हाम्रो काम हो। हामी स्वच्छ सरकार दिन्छौं। यो प्रतिवद्धता हाम्रो हुनुपर्दछ। हामी लेख्छौं, म भ्रष्टाचार गर्दिनँ, भ्रष्टाचार गर्न दिन्नँ। लेख्दाचाहिँ ढोका अगाडि यो लेख्छौं, म देशका अगाडि यो प्रतिबद्धता जनाउँछु भन्छौं, तर इमान राख्दैनौं र भित्रभित्रै फेरि भ्रष्ट आचरण

र व्यवहार गर्छौं भने त्यो शोभनीय कुरा होइन, बेइमानी हो। त्यसकारण हामीले जे लेख्छौं, जे भन्छौं, जे सपथ लिन्छौं, त्यसअनुसारको आचरण, काम र व्यवहार हुनैपर्छ।

मैले हाम्रा निकायहरूबीच अन्तरसमन्वयको कुरा गरेँ, यो व्यवस्थित हुनुपर्छ। हामी सबै कुरा प्रतिफलमा हेर्छौं, प्रगतिमा हेर्छौं र कार्यान्वयनको किसिममा हेर्छौं। हामी कार्यान्वयनको ढाँचा हेर्छौं र प्रतिफल के प्राप्त भयो भन्ने कुरा हेर्छौं। यो मैले अघि नै साथीहरूलाई भनेँ। हामीले दिने प्रतिफलबाट जनताले हामीलाई के भन्छन् भन्ने कुरा निर्धारण हुन्छ। जनताले धेरै कुरा नगर प्रतिफल देऊ, काम देऊ भनिराखेका छन्। हामीले कुरा धेरै गर्ने होइन, कुरा ठिकै गर्छौं र ठीकै गर्नुपर्छ।

यहाँ दुईवटा कोण छन् : एउटा जनतालाई आशावादी बनाउन खोज्दा, हामी केही गर्न सक्छौं भन्दा, हामीले केही गर्ने कुरा गर्दा वा यसो गर्छौं भन्दा त्यसमा इर्ष्याभाव प्रकट गर्ने र नचाहिने कुरा गरे भन्ने गरेको पनि पाइन्छ। हामीले इन्ल्याण्ड वाटरवेएज(जलमार्ग)का कुरा गर्‍यौं। त्यसले अहिले नै हाम्रो बाटो छोट्याइसकेको छ। इन्ल्याण्ड वाटरवेएजका नयाँ कन्सेप्टहरू स्वतन्त्रढंगले निजी क्षेत्रले पनि स्टिमर बनाएर आफ्नो ढंगले, आफ्नो खर्चमा र आफैले बनाएर चलाउन सुरु गरिसकेका छन्। यसले एउटा नयाँ जागरण ल्याएको छ।

कृषि क्षेत्रमा सरकारभन्दा निजी क्षेत्र अगाडि बढिसकेको छ। निजी क्षेत्रले नयाँनयाँ र आधुनिक ढंगले कृषि उत्पादन गरिराखेको छ। अब सरकारले कृषिमा आधुनिकीकरण र व्यवसायिकीकरणतर्फ योजनाबद्ध ढंगले ध्यान दिनु जरुरी छ। हामीलाई कृषि बजारको समस्या छैन। कृषिमा हामी विश्वभरि नै

**हामीले दिने प्रतिफलबाट जनताले हामीलाई के भन्छन् भन्ने कुरा निर्धारण हुन्छ। जनताले धेरै कुरा नगर प्रतिफल देऊ, काम देऊ भनिराखेका छन्। हामीले कुरा धेरै गर्ने होइन, कुरा ठिकै गर्छौं र ठीकै गर्नुपर्छ।**



बजार पाउन सक्छौं। र, हाम्रो देशको जुन हावापानी छ, यस हावापानीमा अर्गानिक उत्पादनतर्फ हामीले ध्यान दिने हो भने कृषिबाटै पनि हामीले व्यापार असन्तुलनलाई सन्तुलनतर्फ लैजान सक्छौं र सन्तुलन मात्रै होइन, यसलाई सकारात्मक स्थितिमा लैजान सक्छौं। अरु पक्षहरूमा पनि त्यसैगरी लैजान सकिन्छ। हामीले ठेक्कापट्टाका काम गर्दाखेरी समय हेर्नुपर्छ। कति समय भित्र गर्ने ? समयको विलम्ब ठूलो समस्या बनेको छ। एक त समयको बिलम्बबाट प्रतिफल नै अन्तर हुने गरेको छ। कार्यसम्पादनमा नै बिलम्व भइसकेपछि बाटो विलम्ब, खानेपानी बिलम्व, अरु जताततै बिलम्व भएको छ। जेजेमा विलम्ब हुन्छ। जस्तोकि सिंचाइमा बिलम्व भएपछि लागत बढी पर्छ। समय खेर जान्छ। दुई वर्ष ढिला भयो भने दुई वर्षको उत्पादनमा नोक्सान पर्‍यो। त्यसले ल्याउने भिन्नता हामी उपभोग्य सामग्रीहरू किन्दैनथ्यौं भने व्यापार सन्तुलन बढाउन सक्थ्यौं। त्यस कुरामा हामी पछि पर्‍यौं, घाटा भइरह्यो। बिलम्वको यस्तो बहुआयामिक प्रभाव (Multiple Chain of Effects) छ। त्यसकारण काममा बिलम्व हुनुहुँदैन। कुनै पनि काममा बिलम्व

हुनुहुँदैन। हामीले सकेसम्म छोटो समयमा गुणस्तरीय काम गर्न सक्नुपर्दछ। काम गर्दा गुणस्तरीय हुनुपर्छ र ठीक समयमा काम सिध्याउनै पर्छ । उपयुक्त लागत मूल्यमा हामीले काम टुङ्ग्याउनै पर्छ। बिलम्वकै कारण भेरिफिकेसन, लागतबृद्धि, अनावश्यक समयबृद्धि अनि दोहोरोतेहोरो क्षति एवं प्रत्यक्ष र अप्रत्यक्ष क्षतिका कुरा हुने गरेका छन्। यो स्थितिको अन्त्य गर्नैपर्छ। समयमा काम सम्पन्न गर्ने, उपयुक्त गुणस्तरको काम हुनुपर्ने र त्यो उचित मूल्यमा हुनुपर्ने आवश्यकता रहेको छ।

हामी अब भेरिफिकेशनको बाटो हामी बन्द गर्छौं। त्यसले आयोजनाको मूल्य बढाइदिने काम अचाक्ली भएको छ । दोब्बरभन्दा बढी आयोजनाको मूल्य बढी हुनजाने किन भइरहेको छ? ढिलो गरेर नै भइरहेको छ।

यस्ता कुराहरू जनतालाई हामीले सम्झाउनु पनि पर्छ। अस्ति मैले माथिल्लो त्रिशुली थ्री ए आयोजनाको उद्घाटनको क्रममा भनें आफूले जमिन किन्नु पर्‍यो भने मूल्य घटाएर राजस्व छली गर्ने, आफ्नो जमिन कुनै विकास निर्माणको लागि सरकारले लिने भयो भने त्यसमा सय गुणा मूल्य बढाइदिने? अलिअलि हो र! दुई लाख नपर्नेलाई करोडभन्दा माथि मूल्य भन्ने? त्यसप्रकारको प्रवृत्ति छ भन्ने सन्दर्भ राखेको छु। त्यसो गर्न थाल्ने हो भने देशमा विकास निर्माणका काम हुनै सक्दैनन्। अनि विकास निर्माण हुन सकेन, देश गरिब हुने नै भयो। नेताहरू दुनियाँ घुम्छन्, के हेरेर आए? देखेका छन् कि छैनन् भनेर मात्रै हुन्छ? जबकि त्यहाँका सरकारसँग अधिग्रहण गर्ने उपयुक्त अधिकार हुन्छ। जनतामा पनि त्यस प्रकारको अपेक्षा अर्थात् शतप्रतिशत मात्र होइन, सय गुणा नै बढी मूल्य बढाउने त्यस प्रकारको प्रवृत्ति हुँदैन। व्यूरोक्रेसी कामकाजी हुन्छ। ठेकेदारले सक्ने काम

**हाम्रो देश गरिब हुनुका कारणहरू के के हुन् ? त्यसको अन्तर्य र कारण खोजी गर्नुपर्छ। अनि मात्रै विकास हुन्छ। बाटो बन्छ, पुल बन्छ, तर बनिनसक्दै भाँचिन्छ, खनिन्छ र भत्काइन्छ। बन्दाबन्दै पुल भाँचिन्छ। त्यसको लागि हामी कसैलाई जवाफदेही बनाउँदैनौ। त्यो बाटो ठेक्का दिंदा हामीले कतिमा दिन्छौं ?**



लिने र समयमा नै सम्पन्न गर्ने परिपाटी छ, अनि काम हुन्छ, विकास हुन्छ। हामीले त्यसखालको प्रवृत्ति र अभ्यासलाई देखेका छौं, बुझेका पनि छौ, तर कार्यान्वयन गर्दैनौं, लागू गरिरहेका छैनौं। किन ?

अब हामीले विकासका निम्ति व्यवधान भएका तरिकाहरू, पद्धतिहरू र जुनसुकै कुराहरू अन्त्य गर्ने कुरामा म साथीहरूको फेरि एकपटक ध्यानाकर्षण गर्न चाहन्छु।

हाम्रो देश गरिब हुनुका कारणहरू के के हुन् ? त्यसको अन्तर्य र कारण खोजी गर्नुपर्छ। अनि मात्रै विकास हुन्छ। बाटो बन्छ, पुल बन्छ, तर बनिनसक्दै भाँचिन्छ, खनिन्छ र भत्काइन्छ। बन्दाबन्दै पुल भाँचिन्छ। त्यसको लागि हामी कसैलाई जवाफदेही बनाउँदैनौ। त्यो बाटो ठेक्का दिंदा हामीले कतिमा दिन्छौं ? कस्तो गुणस्तरको काम गर्न भन्छौं ? निर्धारित गुणस्तरअनुसार बनेन भने त्यो ठेकेदारलाई त्यहीअनुसारको बनाउन लगाउनु पर्छ। अब

बनिसक्यो भनेर सरकारले जिम्मा बुझ्नु हुँदैन। हस्तान्तरण लिनु हुँदैन। त्यस्तो अवस्था अन्त्य गर्न म आग्रह गर्न चाहन्छु। कामको गुणस्तर कायम भएको त हुनैपर्छ। तोकिएको गुणस्तर नभइकन कसैले छ भनेर प्रमाणित गर्छ भने ऊ जिम्मेवार हुनुपर्छ र उसले कारबाही भोग्नुपर्छ। त्यो परिपाटीमा कडाइ नगर्दा गुणस्तरको काम नहुने, तर गुणस्तरको छ भनेर प्रमाणित गरिदिने अनुचित काम भइरहेको छ। त्यसो भएपछि त कमसल बाटो भत्किन्छ, पुल भाँचिन्छ, अनि दोहोरोतेहेरो खर्च हुन्छ। त्यसले अर्को झमेला सुरु गर्छ। डिजाइनमा तलमाथि पार्ने, अनुपयुक्त निर्माण सामग्री प्रयोग गर्ने काम हुन्छ, जो बाहिरबाट देखिदैन। भित्र त जस्तो प्रयोग गरे पनि के भएको छ  र? यसो भनेर काम गर्ने इन्जिनियर हामीले खटाएका हुन्छौं। त्यहाँ निगरानी भएको हुनुपर्छ। यदि निगरानी छैन र इमान्दारीका साथ काम भएको छैन भने त्यो कारबाहीको विषय बन्नुपर्छ। यी कुराहरूमा सचिवजीहरूले ध्यान दिनु एकदमै जरुरी छ। मन्त्रीजीहरूले पनि यस्ता कुराहरूलाई अलिक नजिकबाट वाच गर्न जरुरी छ, हेर्न जरुरी छ र गुणस्तरीयतामा कडाइ गर्न ध्यान दिनैपर्छ।

म फेरि एकपल्ट जोड दिन चाहन्छु। हामी एउटा आधुनिक राष्ट्र निर्माण गर्दैछौं। विकसित राष्ट्र निर्माण गर्दैछौं। हामी यस अभियानमा जुटेका छौं भने छलछामबाट न गुणस्तरीयता कायम हुन्छ, न आधुनिकता नै हुन्छ, न त विकसित राष्ट्र निर्माण हुन्छ। छलछामको बाटोबाट हामी कहीं पुग्न सक्दैनौं। हामी इमान्दार प्रयासबाट मात्रै त्यहाँ पुग्न सक्छौं।

मैले अघि सुशासनको कुरा गरें, सेवा  प्रवाहको कुरा  गरें। हामीले सुशासन दिनैपर्छ, सुशासन कायम गर्नैपर्छ र कानूनको राज बनाउनै पर्छ। कसले

**हामी एउटा आधुनिक राष्ट्र निर्माण गर्दैछौं। विकसित राष्ट्र निर्माण गर्दैछौं। हामी यस अभियानमा जुटेका छौं भने छलछामबाट न गुणस्तरीयता कायम हुन्छ, न आधुनिकता नै हुन्छ, न त विकसित राष्ट्र निर्माण हुन्छ। छलछामको बाटोबाट हामी कहीं पुग्न सक्दैनौं। हामी इमान्दार प्रयासबाट मात्रै त्यहाँ पुग्न सक्छौं।**



के भन्छ होइन, कानूनका अगाडि सबै बराबर छन् र कानूनी राज हामीले कायम गर्नुपर्छ। सुशासन दिनुपर्छ र स्वच्छता दिनुपर्छ। जनताको काममा बिलम्व हुनुहुँदैन। अझै पनि हामी जोड गरिराखेका छौं, तर काम भइराखेको छैन, काम तीब्र गतिमा हुन सकेको छैन। सार्वजनिक खरिद ऐन होस् वा अरु नियमावली होउन्। यदि कामको तीव्रतामा बाधा पर्छ भनेस्वच्छता, पारदर्शिता र कानूनसम्मत ढंगले कसरी तीव्रता दिन सकिन्छ? त्यसमा जान सकिन्छ। तिनमा संशोधन गर्न सकिन्छ,अद्यावधिक बनाउन सकिन्छ र समयानुकूल बनाउन सकिन्छ। तर ती कुराहरू गरिहाल्न जरुरी छ।

हामी जनताका सेवक हौं। हाम्रो काम जनताको सेवा गर्ने हो। त्यसकारण सेवा प्रवाह (Service Delivery) मा ध्यान दिनैपर्छ। कतिपय ठाउँमा पहिले कार्यालयहरू जिल्लाजिल्लामै थिए भने अहिले ती जिल्लाभन्दा परपर गएर सेवा खोज्नुपर्छ, असुविधा भयो भन्ने कुरासमेत आएको छ। यस्ता प्रश्नहरूमा हामीले जनतालाई सेवा दिने कुरामा पोहोरपरार एउटा कुरा पनि

आएको थियो, हुम्ला कि कहाँ भैंसीको पाडो विरामी भयो, अब देखाउन बोकेर लैजाऔं कि के गरौं जुम्ला जाने बाटो पनि छैन, केही पनि छैन पहिले भएको कार्यालय पनि हटाइदिए भन्ने एउटा यस्तै के गुनासो आएको थियो। यस्तो खालको झन् असुविधा थपिने खालको अवस्था हुनुभएन। सुविधा कसरी सहज बनाउने भनेर हामीले सिंहदरबार गाउँमा पुऱ्याउने भन्यौं, सिंहदरबार घरगाउँमा पुऱ्याउन खोज्दा जिल्लामा भएको कार्यालय पनि जिल्लाभन्दा परपर सऱ्यो। भएको कार्यालय पनि परपर सरेपछि सिंहदरवार घरगाउँमा कहाँ पुग्छ? त्यसकारण साँच्चै घरआँगनमा सिंहदरबार पुग्ने कसरी भन्ने कुरामा फेरि हामीले एकपटक त्यतापट्टि विशेष ध्यान दिएर सोच्न जरुरी छ।

जनतामा दुई प्रकारका असन्तुष्टि छन् : एउटा भ्रम फिजाएर वा मच्चाएका हल्लाहरूले पैदा गरेको असन्तुष्टि छ। दोस्रो, राजनीतिक र वैचारिक आग्रहजस्ता कुराले गरिने विरोध छ। त्यसले जन्माएको वा त्यसले तथाकथित रूपमा प्रकट गरेको असन्तुष्टि रहेको छ।

अर्को हाम्रो कामका अलमल र असफलताहरूले वा हाम्रो ध्यान नपुगेर पैदा भएको असन्तुष्टि छ। हामीले हाम्रा कुराहरूमा ध्यान दिन जरुरी छ। हाम्रो कामबाट वा हाम्रो ध्यान नपुगेर, हामीले जनताको सेवा गर्ने कुरामा ध्यान नपुगेर पैदा भएको असन्तुष्टिप्रति गंभीरतापूर्वक ध्यान दिनुपर्छ। त्यस्ता असन्तुष्टि हामीले हुन दिनुहुँदैन। त्यस्ता असन्तुष्टिको हामीले सम्बोधन गर्नुपर्छ। जनतामा भ्रम र असन्तुष्टि फैलाउन खोज्ने वा राजनीतिक वैचारिक पूर्वाग्रहका कारणले वा अरु हिसाबले बदनाम गर्न खोज्ने, त्यस्ता कुराहरूका निम्ति त हरेकले मुखरित भएर बोल्नुपर्छ। अहिलेसम्म

**हामीले यो यो क्षेत्रमा यो यो काम गरेका छौं, यतियति उपलब्धि हासिल गरेका छौं, यसरी अगाडि बढ्ने उद्देश्य राखेका छौं। यो यो हाम्रो कुरा हो भन्ने हामीले आफैं बताउनु पर्छ। र, जनताका असन्तुष्टिहरूलाई यथोचित ढंगले सम्बोधन गर्नुपर्दछ।**



हाम्रो चलन बोल्न हुँदैन भन्ने छ। अनि तपाईंको प्रतिरक्षा कसले गर्छ? तपाईका विरुद्ध फैलाएको भ्रमको खण्डन कसले गर्छ? जनतामा परेको अन्योललाई स्पष्ट कसले पार्छ? त्यसकारण मुखरित भएर बोल्नुपर्छ र हाम्रा उपलब्धिहरू बताउनु पर्छ। हामीले यो यो क्षेत्रमा यो यो काम गरेका छौं, यतियति उपलब्धि हासिल गरेका छौं, यसरी अगाडि बढ्ने उद्देश्य राखेका छौं। यो यो हाम्रो कुरा हो भन्ने हामीले आफैं बताउनु पर्छ। र, जनताका असन्तुष्टिहरूलाई यथोचित ढंगले सम्बोधन गर्नुपर्दछ।

यस बीचमा हामीले अन्तर्राष्ट्रिय स्तरमा एउटा प्रतिष्ठाको स्थिति बनाएका छौं। प्रतिष्ठा बृद्धि गरेका छौं। देशको पहिचान र प्रतिष्ठा, सम्मान र गौरव बढाएका छौं। हाम्रो देशभक्तिपूर्ण अडान र हाम्रो स्वाभिमानको रक्षा, हाम्रा लोकतन्त्रसम्बन्धी सम्पूर्ण दृष्टिकोणहरू, सामाजिक न्याय र समानताका पक्षमा हाम्रा  नीति, दृष्टिकोण र हामीले गरेका कामहरू, हाम्रा भावी योजना र रणनीतिहरू, हाम्रा  विकासका प्रतिबद्धताहरू, हामीले लिएको बाटो –

यी सबै कुराले अन्तर्राष्ट्रिय जगतमा हाम्रो प्रतिष्ठा बढेको छ। चाहे हामी सामाजिक न्यायको कुरा गरौं, चाहे समानताको कुरा गरौं, चाहे महिला सशक्तिकरण वा सामाजिकीकरणको कुरा गरौं अथवा पछाडि परेका क्षेत्र र समुदायलाई अगाडि बढाउने कुरा गरौं - यी सबै क्षेत्रहरूमा हामीले जे कामहरू गरिराखेका छौ र जेजस्ता उपलब्धिहरू हासिल गरेका छौं, यी ज्यादै महत्वपूर्ण रहेका छन्।

हामीले नयाँ प्रणालीका रूपमा संघीयता स्थापना गर्‍यौं। संघीयताको कार्यान्वयनको सन्दर्भमा, संविधान कार्यान्वयनको सन्दर्भमा र संविधानको कार्यान्वयनको लागि कानून निर्माणमा हामीले जुन कामहरू छोटो अवधिमा गर्‍यौं, त्यसबाट दुनियाँ एकढंगले आश्चर्यचकित भएको छ । हामीले शान्ति प्रक्रियालाई जसरी अगाडि बढायौं, द्वन्द्व जसरी समाप्त पार्‍यौं र मेलमिलापको एउटा लहर जसरी सिर्जना गर्‍यौं, ती कुराहरू दुनियाँको लागि एउटा मोडेलका रूपमा रहेका छन्। त्यसकारणले नै हाम्रो प्रभावप्रतिष्ठा बढेको छ ।

अहिले नयाँ शिराबाट पुरानै कुरा उठेको छ, सीमासम्बन्धी कालापानी, लिपुलेक र लिम्पियाधुराको कुरा उठेको छ। त्यो हाम्रो भूमि हो। तथ्य प्रमाणहरूले हाम्रो भूमि भनेर स्पष्ट देखाउँछन्। विगतमा लामो समयदेखि करिब सयबर्षदेखि त्यसमा अरुको ध्यान गएन। लामो समय त्यसमा ध्यान नजाँदा हामी कहिले सिमानामा चिप्लियौं। कहिले हामी आफै पनि चिप्लियौं, कहिले नक्सामा चिप्लियौं, कहिले केमा चिप्लियौं ? कहिले बोल्न नसक्ने हीनग्रन्थीबाट ग्रस्त भयौं। यस्ता कुराहरूबाट देश आज माथि उठेको छ र नयाँ शिराबाट यो कुरा उठेको छ। यो उठ्नु राम्रो कुरा हो र हाम्रो भूभाग

**अहिले नयाँ शिराबाट पुरानै कुरा उठेको छ, सीमासम्बन्धी कालापानी, लिपुलेक र लिम्पियाधुराको कुरा उठेको छ। त्यो हाम्रो भूमि हो। तथ्य प्रमाणहरूले हाम्रो भूमि भनेर स्पष्ट देखाउँछन्। विगतमा लामो समयदेखि करिब सयबर्षदेखि त्यसमा अरुको ध्यान गएन। लामो समय त्यसमा ध्यान नजाँदा हामी कहिले सिमानामा चिप्लियौं।**



कालापानी, लिपुलेक र लिम्पियाधुराका बारेमा जनस्तरमा जागरण बढेको छ। खासगरी लिम्पियाधुराबाट सुरु हुने नदी नै वास्तविक महाकाली नदी हो। महाकाली नदीको पश्चिम किनारासम्म नेपालको सीमा हो र महाकाली नदीको उद्गम लिम्पियाधुराबाट हुन्छ भन्ने तथ्यहरूमा स्पष्टता बढेको छ। पानीसम्बन्धी सिद्धान्त, नदीको उद्गम, उत्पत्तिको सिद्धान्त सबै कुराहरूले त्यसो भन्छ। हामीले विगतमा उठाएको तिरो, गरेको जनगणना, हामीले जग्गाको नाप-जाँच-पासआदि गरिरहेको हाम्रो भूभाग बीचमा छुटेको थियो। त्यसलाई हामीले वार्ताको माध्यमबाट, तथ्य प्रमाणको आधारमा फिर्ता लिनुपर्दछ। यससम्बन्धी कूटनीतिक क्षेत्रबाट प्रयासहरू हामीले अगाडि बढाएका छौं, अगाडि बढाउँछौं र टुंगोमा पुऱ्याउँछौं। यसमा अत्तालिनु पर्ने, उत्ताउलो कुरा गर्नुपर्ने आफूलाई देशभक्त 'शो' गर्नुपर्ने अथवा तमासा देखाउनुपर्ने कुनै आवश्यकता छैन। यसमा हामी हाम्रा छिमेकीसँग गम्भीर वार्तामार्फत कुरा गर्नसक्छौं र हामी हाम्रो अधिकार स्थापना गर्न सक्छौं। यथार्थमा उभिएर हामी हाम्रो भूमि फिर्ता लिनसक्छौं। यसरी लिम्पियाधुरा,

लिपुलेक र कालापानी विवादको समाधानबाट र सुस्तासम्बन्धी विवादको समाधानबाट नेपाल–भारतजस्ता दुईवटा पुराना ऐतिहासिक छिमेकीहरूको सम्बन्ध सुमधुर र राम्रो हुनसक्छ। त्यसबाट दुबै देशको इज्जत प्रतिष्ठा माथि उठ्छ। भारत ठूलो देश भएकाले हामी सानो देशलाई हेप्यो, मिच्यो भन्ने अपगालबाट मुक्त हुने र भारत साच्चै महान् रहेछ भन्ने अवस्था बन्नसक्छ ।

हामी आफ्नो भूमि फिर्ता पायौं, फिर्ता ल्यायौं भनेर खुशी हुन सक्छौं र हाम्रो पनि प्रतिष्ठा बढेर अझ माथि उठ्न सक्छ। त्यसकारण यो कति जमिन छ ? कस्तो जमिन छ भन्ने कुराभन्दा पनि यो न्यायसँग सम्बन्धित कुरा छ, न्यायको स्वीकारोक्तिसँग सम्बन्धित छ। न्यायमा अड्नसक्ने हिम्मतसँग सम्बन्धित छ र न्याय स्वीकार्नसक्ने कुरासँग सम्बन्धित छ। त्यसकारण मलाई विश्वास छ हामी संवादको माध्यमबाट हाम्रो त्यो जमिन फिर्ता लिन सक्छौं। त्यसबाट हाम्रो अन्तराष्ट्रिय स्तरमा प्रभाव, प्रतिष्ठा र ख्याती अभिवृद्धि गर्नसक्छौं।

मलाई लाग्छ, आज हामीले यिनै विषयमा ध्यान दिन जरुरी थियो र छ ।

नेपाली जाति यो एउटा कर्मठ र क्रियाशील जाति हो। विद्वान पुर्खाहरूका सन्तान, कर्मठ पुर्खाका सन्तान, विद्वता र बहादुरीमा, इतिहास र वर्तमानमा सुनाम, सुकीर्ति स्थापना गरेको यो जातिले अब एउटा मात्र काम गर्न बाँकी रहेको छ, *समृद्ध नेपाल : सुखी नेपाली* बनाउने काम। यो काम निकै गाह्रो र चुनौतीपूर्ण अवश्य छ, तर सम्भव छ। हामी यस काममा लागौं। यसमा हामी कसरी लाग्ने भन्ने कुराको मोटामोटी मार्गदर्शनको कुरा, अहिलेको सरकारको दृष्टिकोण, कसरी अगाडि बढ्नुपर्छ भन्ने कुराको ओरिएन्टेसनको कुरा मैले साथीहरूसँग केही राख्न चाहेको थिएँ। किनभने हामीले यस

**नेपाली जाति यो एउटा कर्मठ र क्रियाशील जाति हो। विद्वान पुर्खाहरूका सन्तान, कर्मठ पुर्खाका सन्तान, विद्वता र बहादुरीमा, इतिहास र वर्तमानमा सुनाम, सुकीर्ति स्थापना गरेको यो जातिले अब एउटा मात्र काम गर्न बाँकी रहेको छ, *समृद्ध नेपाल : सुखी नेपाली* बनाउने काम।**



आर्थिक वर्षको चौमासिक समाप्त गऱ्यौं। यो चौमासिकको नतिजा हेर्दा मैले आज यहाँहरूसँग यी कुराहरू गर्नैपर्ने अवस्था देखियो। त्यसकारण मैले यी कुराहरू राखेको हुँ। तीनचार दिनभित्र हामी एउटा समीक्षा बैठक गर्नेछौं र त्यसपछि आगामी दिनको रणनीति र प्रगति सबै नयाँ ढंगले निर्धारण गरेर अगाडि बढ्नेछौं।

म सबै साथीहरूलाई धन्यवाद भन्न चाहन्छु। फेरि एकपटक नवनियुक्त मन्त्रीज्यूहरूलाई बधाई र शुभकामना भन्दै मेरो भनाइ यहीं टुङ्ग्याउँछु।

धन्यवाद।

(२)

# सम्माननीय प्रधानमन्त्री केपी शर्मा ओलीज्यूले नेपाल सरकारका मन्त्री तथा सचिवहरूलाई दिनुभएको निर्देशन

**९ मंसिर २०७६**

*माननीय उपप्रधानमन्त्रीज्यू, माननीय मन्त्रीज्यूहरू,*
*माननीय राष्ट्रिय योजना आयोगका उपाध्यक्षज्यू,*
*माननीय राज्यमन्त्रीज्यूहरू, योजना आयोगका माननीय सदस्यज्यूहरू,*
*सचिवज्यूहरू, यहाँ उपस्थित अरु विशिष्ट व्यक्तित्वहरू,*
*पत्रकार साथीहरू !*

हामीले चार दिन अगाडि मात्रै २०७६ मंसिर ५ गते बिहीबार, मन्त्रिपरिषद्को पुनर्गठन भएकै दिन यसखाले बैठकको आयोजना गर्छौं, चौमासिक कार्यप्रगतिको समीक्षा गर्छौं र कमी कमजोरीहरू हटाएर अगाडि बढ्छौं भन्ने कुरा गरेका थियौँ। आज हामी त्यसै योजनाअन्तर्गत यहाँ बसेका छौँ। हामीले ठीक बाटो समातेका छौँ। यस्ता समीक्षा महिना महिनामा गर्ने, दुईदुई महिनामा गर्ने, तीनतीन महिनामा गर्ने, चारचार महिनामा समीक्षा गर्ने, आफ्नो कामका

गतिको अनुगमन गर्ने, समीक्षा गर्ने कमी कमजोरीहरूलाई सच्याउने र फेरि अगाडि बढ्ने, यी कामहरू गरेका छौँ। हामीले एउटा ढुङ्गो फ्याँकिदिने, जहाँ खस्छ, मैले त्यहीँ ताकेको थिएँ भनिराख्ने गर्दैनौँ। सजिलो ढुङ्गो टिपेर फ्याँकिदियो, जहाँ खस्यो मैले त्यहीँ ताकेकै थिएँ भन्ने गरेका छैनौँ।

हामीले पहिले लक्षित गन्तव्य घोषणा गरेका छौँ। गन्तव्यमा कसरी पुग्ने भन्ने नीतिहरू तय गरेका छौँ। ती नीतिहरू कार्यान्वयनका लागि कार्यक्रम तय गरेका छौँ। त्यसको कार्ययोजना बनाएका छौँ। कार्ययोजना कार्यान्वयनको लागि अगाडि बढेका छौँ। तिनको समीक्षा गरेका छौँ, तिनमा सुधार गरेका छौँ। हामीले यो ठीक बाटो समातेका छौँ। नीति कार्यक्रम एउटा छ, बजेट अर्को छ, कार्यान्वयन अर्कैतिर छ, हामीले त्यस्तो गरेका छैनौँ।

स्रोत सुनिश्चित नभएका, नीति कार्यक्रममा नपरेका, बजेटमा नपरेका योजनाहरूमा खर्च गर्ने, बजेट अलपत्र पर्ने, योजना, नीति तथा कार्यक्रम अलपत्र पर्नेजस्तो अवस्था पनि छैन। हिजो स्रोत सुनिश्चित नभएका, नीति कार्यक्रममा नपरेका र बजेटमा नपरेका त्यस्ता कार्यक्रमहरू स्रोत सुनिश्चित भन्दै कार्यक्रमको बीचमा घुसाउँदै ठेक्कापट्टा लगाउँदै गर्ने गरिएको अभ्यासले अहिलेसम्म पनि हामीलाई पछ्याइरहेको छ। त्यस तरिकाले दुःख दिइरहेको छ। हामी त्यसले सिर्जना गरेका बित्तीय समस्याहरू भ्केलिरहेका छौँ। तर अहिले हामी फरकढंगले जान चाहेका छौँ। हामी जान खोजेको कहाँ हो ? के गर्न खोजेको हो ? त्यसका निम्ति सबै प्रयासहरू स्पष्टताका साथ त्यसै दिशामा हामीले केन्द्रित गरेका छौँ।

मन्त्रीजीहरूलाई आग्रह गर्न चाहन्छु– तपाईंहरूले आफ्नो मन्त्रालयअन्तर्गतका विषयहरू गहिरो अध्ययन गर्नुहोस्। मन्त्रालयगत विषयहरूमा गहिरो अध्ययन

**आज हामी सुशासन र विकासको चरणमा प्रवेश गरेका छौँ। सुशासन र विकासको माध्यमबाट हामीले समाजमा आएको राजनीतिक परिवर्तनलाई अनुभूत गराउनु छ। राजनीतिक परिवर्तन आफैँले त्यसलाई सबल बनाउनु छ। त्यसलाई आफैँ वास्तविक लोकतन्त्रमा परिणत गर्नु छ।**



गर्नुहोस्। गहिरो अध्ययन गरेर नीति कार्यक्रमले के भनेको छ, बजेटले के भनेको छ, हाम्रा कार्ययोजनाहरू के छन्, कार्यक्रममा के छ, के गर्नुपर्ने हो, कति काम भएको छ र अब बाँकी कसरी अगाडि बढाउने भन्ने आफ्नो प्रष्ट बुझाइ र मार्गचित्रका साथ अगाडि बढ्नुहोस्।

आज हामी सुशासन र विकासको चरणमा प्रवेश गरेका छौँ। सुशासन र विकासको माध्यमबाट हामीले समाजमा आएको राजनीतिक परिवर्तनलाई अनुभूत गराउनु छ। राजनीतिक परिवर्तन आफैँले त्यसलाई सबल बनाउनु छ। त्यसलाई आफैँ वास्तविक लोकतन्त्रमा परिणत गर्नु छ। त्यसलाई हामीले सम्पूर्ण प्रजातन्त्र (Comprehensive Democracy) भन्ने गरेका छौँ। हामीले लोकतन्त्रलाई सम्पूर्ण प्रजातन्त्रमा परिणत गर्नु छ। एउटा प्रणालीको रूपमा मात्रै होइन, प्रक्रियागत रूपमा समेत मैले पटकपटक यसमा जोड दिने गरेको छु। प्रणाली मात्रै होइन, प्रक्रियागत रूपमा समेत लोकतन्त्र; राजनीतिक क्षेत्रमा मात्रै होइन, समग्र क्षेत्रमा लोकतन्त्रको

सुनिश्चितता गर्न जोड गरेको छु। सामाजिक जीवनका सबै पक्षमा लोकतन्त्र अनिवार्य छ। आजको हाम्रो छलफलले यस दिशामा आजको अवस्थाको तस्बिर हामीलाई दिएको छ। विद्यमान अवस्थाको यस तस्बिरबाट हामी कसरी अगाडि जाने भन्ने कुरा अलिअलि आएको छ। अरु बाँकी व्यवस्थित रूपमा खोज्नु पर्छ।

सचिवज्यूहरूको जो प्रस्तुति रह्यो, केही सचिवजीहरूको बाँकी रह्यो। त्यो बाँकी रहेकोमा पनि केही छैन। हामीले ट्रेण्ड देख्यौँ कि समग्रतामा यस अवधिमा पूँजीगत खर्च सन्तोषजनक रहेन। त्यसमा हाम्रो ध्यान जान जरुरी छ। कुनैकुनै आयोजनामा भयो, कहींकहीं भयो होला। तर समग्रतामा भन्ने हो भने सम्पूर्ण रूपमा हाम्रो पूँजीगत खर्च यस चौमासिकमा १४ प्रतिशत रहेको छ। गत वर्षको तुलनामा यो अत्यन्त कमी भयो। गत वर्षको यसै अवधिमा, जतिबेला हामी एकातिर समायोजनका काममा लागेका थियौँ, अर्कातिर कानून निर्माणमा लागेका थियौँ। अनेक कुराहरू थिए। त्यस्तो अवस्थामा पनि हामीले योभन्दा बढी पूँजीगत खर्च गर्ने सामर्थ्य राखेका थियौँ भने अहिले शिथिलीकरण किन भयो ? के कारणले भयो ? कुनै कानून बनेको छैन भने मौजुदा कानूनले अगाडि बढ्न रोक्दैन। मौजुदा कानूनबाट अगाडि बढ्नु पर्छ, अनि अरु कुरा हुन्छ। कुनै कानून छैन भनेर देश रोकिने ? विकास रोकिने यस्तो कुरा हुनु हुँदैन। कुनै कानून छैन भने कानूनको अपर्याप्तता होला, त्यो प्राप्य बनाउन सकिन्छ। तर कानून छैन भनेर रोकिने कुरा हुँदैन।

यस सन्दर्भमा योजना आयोगका उपाध्यक्षज्यूले पनि थप कुरा राखिसक्नु भयो। मन्त्रीजीहरूले थप राखिसक्नु भयो। अर्थमन्त्रीजीले आर्थिक

**हामीले विकास निर्माणका कामहरूमा किन गति लिइराखेका छैनौँ ? अथवा पूँजीगत खर्चमा किन प्रगतिमा आइराखेका छैनौँ ? मुख्य रूपमा एउटै ठेकेदारले ठेक्कापट्टा धेरै लिने, कामको गति दिन नसक्ने कारण यसमा बढी जिम्मेवार देखिन्छ। उसको सामर्थ्य एउटा ठेक्काको होला, दुईवटा ठेक्काको होला, तीनवटा ठेक्काको सम्म होला। तर, ५० वटा ठेक्काको सामर्थ्य हुँदैन।**



दृष्टिकोणको सन्दर्भमा राखिसक्नु भयो। ती कुराहरूलाई म दोहोऱ्याइराख्न चाहन्नँ। मैले अस्ति लामै कुराहरू भनेँ, लामै प्रवचन राखेको थिएँ। त्यो लामो प्रवचनमा मैले यसरी जानुपर्छ भन्ने हाम्रा नीतिगत कुराहरू राखेको थिएँ र ती कुराहरू निर्देशनमूलक थिए। ती कुराहरूलाई कायम राख्दै आज फेरि नदोहोऱ्याउँ। आज तिनै कुरा किन दोहोऱ्याउने ? तिनीहरूलाई कायम राख्दै तिनैमा जोडेर म अगाडि केही कुरा राख्न चाहन्छु।

हामीले विकास निर्माणका कामहरूमा किन गति लिइराखेका छैनौँ ? अथवा पूँजीगत खर्चमा किन प्रगतिमा आइराखेका छैनौँ ? मुख्य रूपमा एउटै ठेकेदारले ठेक्कापट्टा धेरै लिने, कामको गति दिन नसक्ने कारण यसमा बढी जिम्मेवार देखिन्छ। उसको सामर्थ्य एउटा ठेक्काको होला, दुईवटा ठेक्काको होला, तीनवटा ठेक्काको सम्म होला। तर, ५० वटा ठेक्काको सामर्थ्य हुँदैन। तीनटा ठेक्काको सामर्थ्य भएको मान्छेले ५० वटा ठेक्का लिइराखेको छ। एउटा ठेक्काको सामर्थ्य देखाएर, त्यही मेसिनरी, त्यही

जनशक्ति, त्यही आफ्नो क्षमता, त्यसैलाई देखाएर उसले जति पनि ठेक्का लिन पाउने स्थिति छ, यसको हामीले अन्त्य गर्नु पर्‍यो। म साथीहरूलाई भन्न चाहन्छु, कमसेकम कति दिन लाग्छ? १ हप्ता वा १५ दिन यसको एउटा तथ्यांक निकाल्नुहोस्।

एउटा तथ्यांकमा तपाईंको मन्त्रालयअन्तर्गत कुन मितिमा कुन ठेक्का, कुन कम्पनी, कुन ठेकेदार, कतिको ठेक्का, कति अवधिमा पूरा गर्नेगरी प्राप्त गरेको हो? ठेक्का दिने कार्यालय कुन हो? त्यसमा पर्फमेन्सको मूल्याङ्कन हुँदो हो, बैंक ग्यारेन्टी हुँदो हो, पेश्की विवरण हुँदो हो? यस्ता कुराहरूमा ध्यान गएको छ कि छैन? अथवा त्यो कानूनबमोजिम भएको छ कि छैन? खरिद ऐनको दफा ५९ को ८ बमोजिम भएको छ कि छैन? म सबै सचिवजीहरूको ध्यानाकर्षण गराउन चाहन्छु, ५९ को ८ अनुसार भएको छैन भने कुन अधिकृत, कुन कर्मचारीका कारण भएन? उपयुक्त गुणस्तरको र निर्धारित समयमा नहुनेगरी हिजो दिइएका ठेक्काहरूको पुनरावलोकन गर्नुहोस्। हामीले पहिले त यी कुराहरू गर्नु पर्‍यो।

त्यो ठेक्का अवधिभित्रै काम किन भएन? त्यसको आजको अवस्था के छ? अहिले प्रस्तुतिकरणमा पनि के आयो भने यति प्रतिशत काम भयो। कहिले दिएको ठेक्का हो? कहिले पूरा हुनुपर्ने ठेक्का? कहिलेसम्ममा पूरा भएन? या कहिले सम्ममा पूरा हुन्छ? यो अलिक स्पष्टरूपमा आएन। यति प्रतिशत काम भएको भन्ने कुरा आयो। कति प्रतिशत काम? अब प्रतिशत काम बाँकी रह्यो भन्ने पनि आउनु पर्‍यो। कहिले सम्ममा पूरा हुनुपर्ने हो? अब कहिले सम्ममा पूरा हुन्छ? यही स्थितिलाई निरन्तरता दिन त सकिँदैन। यही स्थितिलाई निरन्तरता दिने हो भने त हामीले अर्को बैठकमा फेरि यही

**अब दिने ठेक्काहरूमा ठेकेदारको क्षमता, उसको एउटा ठेक्का गर्ने, दुईवटा ठेक्का गर्ने, कतिवटा ठेक्कामा संलग्नता छ भन्ने कुरा नहेरिकन उसलाई 'क्वालिफाइड' नै गर्नु भएन। त्यो 'क्वालिफाइड' नै हुँदैन। उसको क्षमता थप ठेक्का दिएको समयमा काम गर्ने छ कि छैन, त्यो पनि मूल्यांकन गर्नुहोस्।**



छलफल, अर्को बैठकमा पनि फेरि यही छलफल, सधैँ उही छलफल गर्ने स्थिति हुन्छ। र, हामी निरीहतापूर्वक यहीखालको छलफल मात्र गरिरहेका हुन्छौं। त्यसकारण यही मात्र छलफल हुनु भएन।

अब दिने ठेक्काहरूमा ठेकेदारको क्षमता, उसको एउटा ठेक्का गर्ने, दुईवटा ठेक्का गर्ने, कतिवटा ठेक्कामा संलग्नता छ भन्ने कुरा नहेरिकन उसलाई 'क्वालिफाइड' नै गर्नु भएन। त्यो 'क्वालिफाइड' नै हुँदैन। उसको क्षमता थप ठेक्का दिएको समयमा काम गर्ने छ कि छैन, त्यो पनि मूल्यांकन गर्नुहोस्। त्यो मूल्यांकन गर्दा हामीले जुन 'डिजाइन' गरेका हुन्छौं, लागत 'स्टिमेट' गरेका हुन्छौँ, गुणस्तर तोकेका हुन्छौँ र त्यसको अवधि तोकेका हुन्छौँ। त्यसभित्र त्यो ठेकेदारले काम फत्ते गर्नसक्ने अवस्थामा छ कि छैन ? ऊ कति ठाउँमा संलग्न छ ? कति ठाउँमा 'इङ्गेज' छ ? यदि ऊ गर्ने अवस्थामा छैन भने उसलाई त्यस ठेक्काबाट आउट गर्नुहोस्। उसले त्यो ठेक्का गर्नै सक्दैन भने त्यसबाट आउट गर्नुपर्छ।

अर्को कुरा काम गर्नसक्नेलाई मात्र काममा समावेश गर्नुपर्छ। पहिलेको योग्यता नै उसको अयोग्यता हुन्छ, किनभने उसँग त्यो स्तरको ठेक्का, त्यस गुणस्तरमा र त्यस अवधिमा पूरा गर्ने सामर्थ्य बाँकी रहेको छैन। अरु काम नभए त उसँग सामर्थ्य थियो। तर ऊ यति धेरैवटा काममा संलग्न छ कि, ती पनि सिध्याउने र यो पनि सिध्याउने सम्भावना छँदैछैन भनेर उसलाई निकाल्नु पर्छ। यसमा हामीले ध्यान दिनु पर्छ।

मैले पहिले पनि भनेको छु। यो परिचालन खर्च (Mobilization) मा किन हतारहतार २० प्रतिशत दिने ? किन दिने २० प्रतिशत ? कामै शुरु गर्न नसक्नेले शुरु काम गर्न पनि सक्दैन भने किन लिन्छ ठेक्का ? अनि सरकारी पैसामा मात्रै काम गर्ने हो, सरकारले पैसा दिएर मात्रै काम सुरु गर्ने हो भने सामर्थ्य यस्तो यस्तो हुनुपर्ने, यति वर्षको यस्तो अनुभव आदि इत्यादि छ भनेर झुण्ड्याउने किन ? २० प्रतिशत दिएपछि मात्रै चट्पटाउन सक्छ भने त्यस्तो त जसले पनि सक्ला नि ? यो २० प्रतिशत परिचालन खर्च भनेर शुरुमै दिने हो भने बढीमा १० प्रतिशतसम्म, काम शुरु भएपछि ५ प्रतिशत, काम सन्तोषजनक रूपमा अगाडि बढेपछि अर्को ५ प्रतिशत गरेर दिए फरक पर्दैन।

साधारणतया 'मोबिलाइजेशन' खर्च अनावश्यक कुरा हो। किन दिने मोबिलाइजेशन खर्च ? 'मोबिलाइजेशन' खर्च २० प्रतिशत दिनु विकासको नामको तमासा हो। यसरी खर्च दिइरहनु आवश्यकै छैन। म ठेक्का लिन्नँ, किनभने मसँग न मेशिन छ, न केही छ, न पैसा छ। अब २० प्रतिशत दियो भने त डोजर किन्न सकिन्छ, अरु किन्न सकिन्छ, शुरु गर्न सकिन्छ, अनि मै पनि सक्छु ठेकेदार हुन ! त्यसरी ठेकदार हुने कुरा त भएन नि ! त्यसमाथि

**आगामी दिनमा त्यस्तो ठेकदारलाई कामचाहिँ राम्ररी 'इभ्यालुएसन' गरेर ठेकेदारको क्षमताको प्रश्नलाई नयाँ ढंगले परिभाषित गर्नुपर्छ। समयभित्र ठेक्का सम्पन्न गर्ने क्षमता छ कि छैन? त्यसको 'इभ्यालुएसन' गर्नुपर्छ, अनि मात्रै ठेक्का दिनुपर्छ।**



फेरि अनेकन् शर्त राखेको हुन्छ। यो कति वर्षदेखि ठेकेदार भएको छ? कतिवटा ठेक्का सञ्चालन गरेको छ? कतिवटामा 'फ्लप' भएको छ, त्यो हेर्नु पर्‍यो नि! 'फ्लप' खुवाउनेले ठेक्का पाउनु हुँदैन। कतिवटा ठेक्का गरेको छ भनेर हेर्ने होइन कि कति 'फ्लप' भयो कि भएन? समयमा काम गरेको छ कि छैन? त्यो पो राम्रोसँग हेर्नु पर्‍यो।

हामीले यसमा अलिकति कडाई गरेर, आगामी दिनमा त्यस्तो ठेकदारलाई कामचाहिँ राम्ररी मूल्यांकन गरेर ठेकेदारको क्षमताको प्रश्नलाई नयाँ ढंगले परिभाषित गर्नुपर्छ। समयभित्र ठेक्का सम्पन्न गर्ने क्षमता छ कि छैन? त्यसको 'इभ्यालुएसन' गर्नुपर्छ, अनि मात्रै ठेक्का दिनुपर्छ। नत्र ठेक्का दिने, ठेकेदार कम्पनी छनोट गर्ने कार्यालयको अधिकारी जो छ, उसैले जिम्मेवार हुनुपर्ने परिपाटी व्यवस्थित गर्नुपर्छ।

अनुदानको सम्बन्धमा मैले भनिराखेको छु, हामीले काफी अनुदान दिइराखेका छौँ। थुप्रै अनुदान दिएका छौँ। तर त्यो अनुदान गत आर्थिक वर्षको अनुदान र यस आर्थिक वर्षमा कति अनुदान दिइसकियो ? के के काममा दिइयो ? हरेक मन्त्रालयले प्रधानमन्त्री कार्यालयमा विवरण पठाइदिनुहोस्। कुन कुन ठाउँमा दिइयो ? त्यसको प्रगति के रह्यो ? त्यो विवरण १५ दिनमा पठाउनुहोस्। त्यसो गरेपछि अनुदानको एउटा तस्बिर आउँछ र समग्रमा अनुदान कति सदुपयोग भयो भनेर हेर्न सकिन्छ। त्यस तस्बिरले के के भयो भनेर पनि हेर्न सकिन्छ। कस्तो मान्छेले अनुदान पायो भनेर हेर्न सकिन्छ। अर्थात्, अनुदान कस्तोले पायो, कति पायो, किन पायो र त्यसको प्रतिफल के भयो ? परिणाम के आयो ? त्यसले रोजगारी कति सिर्जना गर्‍यो भन्ने थाहा हुन्छ। त्यस प्रतिवेदनमाथि मैले अनुगमनमा मान्छे पठाउँछु। त्यो तथ्यपूर्ण छ कि छैन पनि हेर्छु। त्यो कुरा पनि म जोड्न चाहन्छु।

मानौं, भैंसी पालनका लागि अनुदान दिइयो। पहिले एउटा कथा चलेको थियो, माछा पालनका लागि अनुदान दियो। माछा पालनका लागि पोखरी खनाइयो, पोखरीमा पानी भराइयो, माछाका भुरा किनेर छाडियो, माछा पालियो। माछा पालन फलिफाप भएन। फलिफाप नभएपछि पोखरी पुरियो, जस्ताको तस्तै ! यो अवस्था देखेर छानविनकर्तासमेत जिल्ल हुने स्थिति भयो नि त ! खोई त माछा भनेर छानविनमा गएर सोधेको, खोई पोखरी ? पुरियो। किन पुरियो ? माछा नभएपछि के गर्ने ? अब पैसा खोई त ? पोखरी खन्दा लाग्यो, पानी हाल्दा लाग्यो, भुरा किन्दा लाग्यो, माछा हुर्काउँदा लाग्यो, माछा कुरुवा राख्दा लाग्यो, माछा पाल्न पर्‍यो, त्यसको दाना किन्नु पर्‍यो, माछा भएन, के गर्ने त ? माछा नभएपछि पोखरी त पुर्नै पर्‍यो। पोखरी पुर्नुपरेपछि त्यसमा पनि खर्च लाग्यो।

**जसले प्राप्त गर्नुपर्ने हो, जसले प्राप्त गरेर त्यसको सदुपयोग हुन्छ र जसको मेहेनतबाट उत्पादन वृद्धि हुन्छ, उसैले अनुदान प्राप्त गर्नु पऱ्यो। रोजगारीका अवसर सिर्जना हुनु पऱ्यो। त्यसबाट उत्पादकत्व वृद्धि हुनु पऱ्यो। त्यसबाट आत्मनिर्भरता हुनु पऱ्यो।**



सरकारले दिंदै आएको अनुदानको हालत यस्तो पनि हुन्छ। त्यसकारण यस्तो अनुदान कहीँकतै बाड्ने काम नहोस्। अनुदान साँच्चैको अनुदान होस्। जसले प्राप्त गर्नुपर्ने हो, जसले प्राप्त गरेर त्यसको सदुपयोग हुन्छ र जसको मेहेनतबाट उत्पादन वृद्धि हुन्छ, उसैले अनुदान प्राप्त गर्नु पऱ्यो। रोजगारीका अवसर सिर्जना हुनु पऱ्यो। त्यसबाट उत्पादकत्व वृद्धि हुनु पऱ्यो। त्यसबाट आत्मनिर्भरता हुनु पऱ्यो। केका लागि हामीले अनुदान दिएका हौँ ? त्यो स्पष्ट हुनु पऱ्यो। कसैले सकेन भने उसले सक्ने बनाउनका लागि, सवलीकरणका लागि अनुदान दिनु पऱ्यो। दुरूपयोग गर्न त दिनुभएन।

कति सवलीकरण ? अघि पार्वत गुरुङजीले भनेजस्तो गोष्ठी सेमिनारलाई कुनै 'माइलस्टोन' राख्ने होइन। गोष्ठी सेमिनार 'माइलस्टोन' होइन। 'माइलटोन' चाहिँ हाम्रा अरु उपलब्धिका कुराहरू हुनु पऱ्यो। प्राथमिकताका बारेमा अर्थमन्त्रीजीले अलिकति उठाउनु भयो, हामी धानलाई प्रतिबिघा ८ हजारजस्तो दिन्छौँ अनुदान। उखुमा लगभग २० हजार दिन्छौँ। त्यसमाथि

प्रति क्वीन्टल ६५ रूपैया २८ पैसा थप पनि छ। तैपनि पुग्दैन भने प्राथमिकता के हो भन्ने कुरा हेर्नुपर्छ। त्यसमा कति गर्न सकिन्छ? त्यसकारण मूल्य समायोजन पनि आवश्यक छ। किनभने सम्पूर्ण व्ययभार सरकारले नै व्यहोर्न सक्छ भन्ने होइन।

मूल्य समायोजन आवश्यक छ, यो सबैलाई हुनेगरी गर्नुपर्छ। अनुदान दिँदा पहिलो कुरा त सबैलाई हुनेगरी दिनुपर्छ। धानलाई अनुदान, उखुलाई अनुदान, केकेमा दिने हो? सबैलाई हुनेगरी दिनुपर्छ। एउटालाई होइन। अहिले दिइरहेका अनुदानहरूको जस्तो अवस्था छ, त्यस रूपमा निरन्तर हुनसक्दैनन्। प्राथमिकताको आधारमा छानेर हामी केमा आत्मनिर्भर हुन खोजेको हो? केचाहिँ र कुनचाहिँ उत्पादनमा हामीले जोड दिन खोजेको हो? आदि तय गरेर मात्रै अनुदान दिनुपर्छ। पहिलो कुरा त हामी खाद्यान्नमा आत्मनिर्भर हुनुपर्छ। त्यसैले, हामीले खाने कुरामा आत्मनिर्भर हुन जोड दिनुपर्छ। यसभित्र अन्न, सब्जी, फलफूल, माछामासु, दुग्ध उत्पादन आदि कुराहरू पर्दछन्।

अर्को लगाउने कुरामा आत्मनिर्भर बन्न जोड दिनुपर्छ। साथै, हाम्रो आवासको बन्दोवस्त छ भन्नेसम्ममा कमसेकम जानुपर्छ। तर यो उत्पादनसँग होइन, खर्चसँग सम्बन्धित कुरा हो। तर पनि आधारभूत आवश्यकताभित्र पर्छ। अन्य उपभोग्य वस्तुहरू उत्पादन गर्ने, जस्तोकि हामीलाई दैनिक चाहिने उपभोग्य वस्तुहरूको उत्पादन चाहिन्छ। यहाँ अब कागजको उत्पादन हुन्छ, पेट्रोलियमको उत्पादन हुन्छ, फलामको उत्पादन हुन्छ, अरु चिजको पनि उत्पादन हुन्छ र कृषि औजारको उत्पादन हुन्छ।

**हामीले पेट्रोलियम पदार्थ उत्पादन गर्‍यौँ भने हामी त्यसको बिक्री वितरण गर्न सक्छौँ। पेट्रोलियमको पनि बिक्रेता र विद्युतको पनि बिक्रेता भयौँ भने अहिलेजस्तो हामीले आर्थिक वृद्धिदर डबल डिजिटमा गर्न सकिन्छ कि सकिदैन? भनेर चिन्ता गर्नुपर्दैन।**



हामी अब नवलपुरको धोवादीमा फलामखानी सुरु गर्दैछौँ। त्यसै गरेर पेट्रोलियम उत्खननको लागि हामी सर्वे गरिरहेका छौँ। सम्भवतः हामी पेट्रोलियमको पनि उत्खनन् गर्छौँ। हामीसँग पेट्रोलियम छ भन्ने अनुमान नै अहिलेसम्म रहेको छ, पेट्रोलियमको उत्खनन् र उत्पादन गर्छौँ। त्यसो गरेपछि हामीले प्रशोधन पनि गर्छौँ। हामी विद्युत उत्पादन गरिरहेकै छौं। विद्युतको उत्पादन जति बढ्छ, त्यति हाम्रो जीवनमा आधुनिकता आउने हो। विद्युत उत्पादनसँगै आधुनिकता आउँदा अनेक कुराहरूमा आधुनिकता आउँछ। हामीले पेट्रोलियम आयातलाई प्रतिस्थापन गर्नसक्छौँ। हामीले पेट्रोलियम पदार्थ उत्पादन गर्‍यौँ भने हामी त्यसको बिक्री वितरण गर्न सक्छौँ। पेट्रोलियमको पनि बिक्रेता र विद्युतको पनि बिक्रेता भयौँ भने अहिलेजस्तो हामीले आर्थिक वृद्धिदर डबल डिजिटमा गर्न सकिन्छ कि सकिदैन ? भनेर चिन्ता गर्नुपर्दैन।

मैले पहिलोपल्ट प्रधानमन्त्री हुँदा एकवर्षभित्र लोडसेडिङ आधारभूत रूपमा समाप्त गर्न सकिन्छ भनेँ। त्यसका लागि विधि यो यो छन् भनेर ऊर्जा मन्त्री, ऊर्जा सचिवलगायत ऊर्जासँग सम्बन्धित विज्ञहरूलाई बताएको थिएँ। उनीहरूले मलाई १० वर्ष त लोडसेडिङ अन्त्य गर्ने कुनै सम्भावना छैन भनेका थिए। जलस्रोत विज्ञ, ऊर्जा विज्ञ, सचिव सबैले त्यसो भने? त्यतिखेरका ऊर्जा सचिवले त मलाई 'च्यालेन्ज' गरेरै भन्दै थिए कि यो त गफ मात्रै हुन्छ प्रधानमन्त्रीज्यू, हामीले नचाहिने कुरा गर्नुहुँदैन। १० वर्ष त यो सम्भव नै छैन। लोडसेडिङ अन्त्य गर्ने कुरै नगरौंसम्म भने।

अनि मैले तपाईं यसमा के गरेर बस्नुहुन्छ भनेर सोधेँ। तपाईंजस्तो सचिव भयो भने १० वर्ष त के २५ वर्षमा पनि लोडसे्डिङ अन्त्य हुँदैन। तपाईंसँग न योजना छ, न त केही नै छ भनेँ। योजना बताएको पनि नबुझ्ने, आफूसँग पनि केही छैन। हुँदैन मात्रै भन्ने? जबकि त्यसको एक वर्षभित्र आधारभूत रूपमा लोडसेडिङ समाप्त भयो। हामी १० वर्षसम्म के हेरेर बस्छौँ? उहाँ जो ऊर्जा सचिव हुनुहुन्थ्यो, एकदम दाबीसाथ, गर्वसाथ भन्दै हुनुहुन्थ्यो कि १० वर्षमा आधारभूत रूपमा पनि लोडसेडिङ अन्त्य हुनसक्दैन। त्यो अकर्मण्यता र निराशाको द्योतक थियो। जबकि एक बर्षभित्रै लोडसेडिङ अन्त्य भयो, हामीले त्यो सफलता हासिल गरिछाड्यौं।

अब हाम्रो आर्थिक बृद्धिदर अत्यन्त तीब्र हुन्छ। हामीकहाँ दुईचार वटा खानीहरू, खासगरी सिमेन्ट उद्योगहरू निर्यातमूलक ढंगले अगाडि बढिरहेका छन्। हाम्रो पेट्रोलियम उत्पादन भएपछि, हाम्रो फलामखानी चलेपछि, हामीले फलाम खानीबाट फलाम प्रशोधन गर्न थालेपछि, त्यसबाट विभिन्न प्रकारका औजार र मेशिनहरूको उत्पादन सुरु गरेपछि, हामीले विद्युतीकरणतर्फ

**मेरो आग्रह के छ भने, भोल्युममा उत्पादन गरौँ। कमसेकम खुर्सानी फलाए पनि भोल्युममा फलाऔँ। लौका फलाए पनि भोल्युममा फलाऔँ, इस्कुस फलाए पनि भोल्युममा फलाऔँ, आलु फलाए पनि भोल्युममा फलाऔँ, ताकि हामी निर्यात गर्न सकौँ! जे फलाए पनि भोल्युममा फलाऔँ, जे सुकैको पनि बजार छ। अर्थात्, हरेक चिजको बजार छ।**



देशलाई लगेपछि, कृषिको आधुनिकीकरण र व्यवसायिकरण गर्नेदेखि पर्यटन र अरु विभिन्न व्यवसायहरूलाई योजनाबद्ध रूपमा अघि बढाएपछि त्यसको प्रभाव पर्छ। प्रयोग, प्रभाव र परिणाम देखिएपछि यथास्थितिमा भिन्नता आइहाल्छ र अर्थतन्त्रमा ठूलो भिन्नता आउँछ। त्यसका लागि हामीले पहिले उपभोग्य वस्तुहरूको उत्पादनमा नै जोड दिनुपर्छ।

उपभोग्य वस्तुहरूको उत्पादनमा जोड दिएपछि स्वाभाविक रूपमा आयात घट्दै जान्छ। किनभने जब उपभोग गर्ने चिजहरू हामी आफैँ उत्पादन गर्छौं भने आयात गरिरहनु पर्दैन। त्यसपछि आयात त घट्छ नै। जब हामीले खाद्यजन्य वस्तुको उत्पादन आवश्यकताभन्दा ठूलो भोल्युममा गर्न थाल्छौं, त्यसले बजार सजिलै पाउँछ। मेरो आग्रह के छ भने, भोल्युममा उत्पादन गरौँ। कमसेकम खुर्सानी फलाए पनि भोल्युममा फलाऔँ। लौका फलाए पनि भोल्युममा फलाऔँ, इस्कुस फलाए पनि भोल्युममा फलाऔँ, आलु फलाए पनि भोल्युममा फलाऔँ, ताकि हामी निर्यात गर्न सकौँ! जे फलाए

पनि भोल्युममा फलाऔँ, जे सुकैको पनि बजार छ। अर्थात्, हरेक चिजको बजार छ।

हामीले अलिकति प्रगति गर्न पनि सोच्यौँ। प्रगति ठिकै पनि भएको छ। हामी इन्ल्याण्ड वाटरवेयजमा जाँदै छौँ। जहाँसम्म हामीले भारतको इन्ल्याण्ड वाटरवेयजको बाटो जलमार्गको प्रयोग गर्न लागेका छौँ, त्यहाँसम्म हाम्रो झण्डा फहराएर हामी पानी जहाज प्रयोग गर्नसक्ने सैद्धान्तिक सहमति भइसकेको छ। त्यस सैद्धान्तिक सहमतिलाई अब सम्झौता र त्यसको अरु विस्तृतमा पनि लैजानु पर्‍यो र सम्पूर्ण पक्षहरू तय गर्नु पर्‍यो। यो कुरामा अघि नै अर्थमन्त्रीजीले केही कुरा भन्नुभयो। अहिले प्राइभेट सेक्टर यसमा उत्साहित भएर लागेको छ। उनीहरू समुद्रसम्म पनि जहाज चलाउँछौँ भनेर लागेका छन्। हामीले उनीहरूलाई प्रोसाहित गर्नुपर्छ।

मैले सन् २०१६ लाग्दानलाग्दै पानी जहाजको कुरा गरेँ। उधूम उडाइयो। समुद्र साझा हुन् र समुन्द्रसम्म पानीजहाज लैजान सकिन्छ भनें। खाली ३० किलोमिटर मात्रै बन्दरगाहवाला र किनारवालाको हो। हामीले विभिन्न पोर्टहरू पाएका छौँ र त्यसको 'एग्रिमेन्ट' गरेका छौँ। बंगलादेश हामीसँग सकारात्मक छ, भारत हामीसँग सकारात्मक छ र चीन सकारात्मक छ। हामीले त्यस्ता ठाउँहरू लिएका छौँ। अब ती ठाउँहरू हामीले प्रयोग गर्न सक्छौँ र अगाडि बढ्न सक्छौँ। हामीले उत्प्रेरित गर्नुपर्छ।

विप्रेषणमा कमी आउँदा वा हुँदा त्यति साह्रो चिन्ता छैन। विप्रेषणमा किन चिन्ता छैन भनेदेखि ती मान्छे यहीँ बसेर र यहीँ आएर बारीखेत खन्न र उत्पादन गर्न लाग्नु उचित हुन्छ । खेतबारी बाँझा राखेर, यस्ता उर्वर खेत बाँझै राखेर, कामबिहीन (Jobless) भएँ भन्दै विदेशतिर लाग्ने, अनि बंगुर

**मान्छेले राम्ररी गऱ्यो भने सानै स्थान र मात्राबाट उत्पादन गर्छ। त्यसपछि प्रशोधनको फ्याक्ट्री राख्छ। प्रशोधनको कामले उद्योगको रूप लिन्छ। अनि पो यहाँ परिवर्तन हुन्छ।**



स्याहारेर, भेडा चराएर बस्ने बुद्धिले कसरी देश अगाडि बढ्छ? बढ्दैन। त्यसैले, विप्रेषण सिप्रेषण त्यस्तै हो। मान्छे गयो भने त्यो आउँछ, तर अब नजाँदा पनि हुन्छ। यहाँ धेरै ठाउँ चाहिँदैन। मान्छेले राम्ररी गऱ्यो भने सानै स्थान र मात्राबाट उत्पादन गर्छ। त्यसपछि प्रशोधनको फ्याक्ट्री राख्छ। प्रशोधनको कामले उद्योगको रूप लिन्छ। अनि पो यहाँ परिवर्तन हुन्छ।

खेतीपातीको लागि मल चाहिन्छ। किसानले गाई पाल्न थाल्छ। भौंसी पाल्न थाल्छ। त्यसबाट डेरी उत्पादन सुरु हुन्छ। अनि एकातिर चाना, अर्कोतिर झोल, अर्कातिर सुकुटी, अर्कातिर के अनेकन् चिजहरूका उद्योग यहींबाट सुरु हुन्छन्। त्यसले उद्योगको रूप लिइहाल्छ। आफ्नो ठाउँमा केही गर्नलाई उनीहरूसँग सोचाइ छैन भने हामीले तरिका दिनुपऱ्यो। तौरतरिका दिएपछि उनीहरूले गर्छन्। अहिले युवाहरूमा बेस्सरी जागरण आएको छ। महिलाहरू परिचालित हुँदै आएका छन्। विभिन्न सहकारीहरूबाट महिलाहरू परिचालन भएको पाइन्छ।

सबभन्दा राम्रो, कमसेकम महिलाहरू अहिले धक फुकाएर बोल्न सक्छन्, थुप्रै र सबैजसो ठाउँमा यो स्थिति पाइन्छ। पहिले दुईचार पैसाका लागि वा केही किन्नका लागि श्रीमानलाई भन्नुपर्थ्यो। अहिले महिलाहरू यसो गरौँ न भनेर आफैँ भन्न सक्छन् - मलाई छोराछोरी पढाउन, लत्ताकपडा किन्न, गरगहना लगाउन केही गर्न हात पसार्नु पर्दैन, श्रीमानलाई भन्नुपर्दैन। आजकल म यो किन्दैछु, म यो लाउँदैछु र यसो गर्दैछु भनेर जानकारी गराउँछु भनेको सुन्न सकिन्छ। बरु श्रीमानले मसँग कहिलेकाहीँ यसो हजार रूपैयाँ छ कि लेऊ न भन्नुहुन्छ! यो हैसियत र ठाउँमा महिलाहरू पुगेको अवस्था छ। यसले समाजमा उथलपुथल ल्याएको छ। जहाँ काम हुने गरेको छ, जहाँ उत्प्रेरणा पुगेको छ, जहाँ जागरण आएको छ। हामीले त्यतापट्टि अभियन्ता नै हुनु पर्‍यो।  हाम्रो विकासका लागि अब हामी आफैँ यसढंगले अभियन्ता हुनु पर्‍यो।

आफ्नो खेतबारी अब बाँझो राख्ने होइन। आफ्नो खेतबारीको सदुपयोगको सिद्धान्त अपनाउनु पर्‍यो, जस्तोकि एउटा मेवाको रुख हुने ठाउँ छ भने त्यहाँ एउटा मेवा रोपिदिउँ। अरु केही गर्नु पर्दैन, रोपिदएपछि थपक्क फल्छ लटरम्म! केही गर्नुपर्दैन त्यो आफैँ फल्छ। अलिकति कान्लो छ भने हामी त्यो कान्लामा दुई चार बोट रुख लगाइदिउँ, किम्मुका बोट लगाइदिउँ। त्यहाँ खोकामा रेशमका कीरा बस्छन्। आजको भोलि त्यसबाट तत्काल केही बिग्रिने पनि होइन। पात पलाइरहन्छ, कीराले खाइरहन्छ, खोका बनाई रहन्छ र त्यो बिक्री भइरहन्छ। त्यो फलाउनका लागि खास ठूलो मेहेनत चाहिने पनि होइन।

**सबभन्दा राम्रो, कमसेकम महिलाहरू अहिले धक फुकाएर बोल्न सक्छन्, थुप्रै र सबैजसो ठाउँमा यो स्थिति पाइन्छ। पहिले दुईचार पैसाका लागि वा केही किन्नका लागि श्रीमानलाई भन्नुपर्थ्यो। अहिले महिलाहरू यसो गरौँ न भनेर आफै भन्न सक्छन् – मलाई छोराछोरी पढाउन, लत्ताकपडा किन्न, गरगहना लगाउन केही गर्न हात पसार्नु पर्दैन, श्रीमानलाई भन्नुपर्दैन।**



बगरहरूमा खर्बुजाआदि इत्यादि लहरा बाली लगाऔं। बगरमा खर्बुजा मात्रै होइन काँक्रा, लौका, फर्सीआदि लहरावाला सब्जीहरू अति राम्रोसँग हुन्छ। बगरमा अलिकति माटो लगेर राखिदिने, अनि त्यसमा रोपिदिने गरौं। त्यसपछि बालुवामै त्यो बेस्सरी फल्छ। सकिन्छ भने अलिअलि माथि पराल छरिदियो भने त्यो परालमा अझ राम्रोसँग फल्छ। होइन भने बालुवामै लगेर पनि फलाउन सकिन्छ। काम नलाग्ने कान्लाहरूमा लौका इस्कुसआदि इत्यादि फल्छन्। खाली हामीले मान्छेहरूलाई उत्प्रेरित गर्नुपर्छ। हामी यसो गर्न पैसा छैनआदि भन्छौ। तिमीसँग यस्तो यस्तो ठाउँ छ भनिदिनु पर्‍यो। बनको छेउका मान्छेहरू मैले देखेको छु। बनको छेउमा बस्नेहरूले त्यस बनको सदुपयोग राम्ररी गर्ने हो भने थुप्रै कुराहरू एकसाथ हुनसक्छन्। त्यसकारण हामीले 'मोटिभेट' गर्नु पर्‍यो।

सहकारीहरू, खासगरी महिलाहरूका सहकारी बनाउने र सहकारीमार्फत उनीहरूलाई अगाडि बढाउने अभियान नै चलाउनु पर्‍यो। हामीले सामूहिक

प्रयासबिना, समुदायबिना र सहकार्यबिना एकै प्रकारको आफ्नो परम्परागत काम गर्छौं भने पनि एकै प्रकारको गर्नु पर्‍यो र धेरै उत्पादन गर्नु पर्‍यो। किनभने अलग अलग गर्दा दुई डोका उत्पादन हुन्छ, बेच्न कहाँ लाने? मैले अगाडि अगाडि पनि धेरैपटक भनेँ हजार ट्रक भयो भने यहाँदेखि विदेशसम्म त्यसको बजार हुन्छ। हजार ट्रक भयो भने बजारको खाँचो हुँदैन। खोई बजार भन्न पर्दैन। कहीँ कमसेकम हजार ट्रक वर्षमा फल्छ भने २० किलोमिटर बाटो बनाउन खासै समस्या हुँदैन। दुई डोकाका लागि मोटरेबल बाटो त बनाउन सकिँदैन! त्यसो गर्दा मितव्ययिता हुँदैन।

मोटरबाटो चाहियो भने हजार ट्रक जुनसुकै उत्पादन फल्ने स्थिति बनाएपछि मात्र मोटरबाटो बनाउनु परेन? त्यतिबेला बाटो आफैँ बन्छ। सरकारको ध्यान त्यतापट्टि जानु पर्छ। त्यसकारण ठूलो मात्राको उत्पादन हुनु पर्‍यो। जुनसुकै कुराको भए पनि एकै ठाउँमा ठूलो मात्राको उत्पादन हुनु पर्‍यो। अनि त्यो चिज बेच्न र अर्को आवश्यक चिज किन्न सकिन्छ। एउटाको अलिकति चार घोगा मकै, अर्काको दुई डोका कोदो, दुई डालो कोदो र अर्काको अलिकति फापर खेती गरेर कहाँ बजार खोज्ने? एउटाको एउटा गाई, अर्काको पनि अर्को गाई पालन गरेर त दूध दुह्यो, तताएर खायो, सकियो। यो त गाई फार्म बनाउने तौरतरिका भएन नि! अब हामी गाई फार्मको रूपमा विकास गर्ने विधिमा जानु पर्‍यो।

हामीले विदेशबाट ल्याउनेभन्दा, विदेशबाट एउटा बीउ ल्याउने र यहाँ नश्ल सुधारमा बढी लाग्नु पर्‍यो। पशुहरूको नश्ल सुधारमा जोड दिने, ताकि हाम्रै पशुपक्षीहरूको नश्ल सुधारबाट एकमाना दूध दिने गाईलाई एकपाथी दूध दिने बनाउन सकिन्छ। दुईमाना, तीनमाना दुध दिने भैँसीलाई दुईपाथी दूध

**सहकारीहरू, खासगरी महिलाहरूका सहकारी बनाउने र सहकारीमार्फत उनीहरूलाई अगाडि बढाउने अभियान नै चलाउनु पऱ्यो। हामीले सामूहिक प्रयासबिना, समुदायबिना र सहकार्यबिना एकै प्रकारको आफ्नो परम्परागत काम गर्छौं भने पनि एकै प्रकारको गर्नु पऱ्यो र धेरै उत्पादन गर्नु पऱ्यो।**



दिने बनाउन सकिन्छ। नश्ल सुधार गर्ने, त्यो नश्ल सुधारको बाटोमा गयौँ भने हाम्रो क्लाइमेटअनुसार, हाम्रो हावापानीअनुसार त्यो कन्भर्ट हुँदै जान्छ। बाहिरबाट ल्याएकोमा चाहिँ विभिन्न खतराहरू हुन्छन्। त्यसकारण यहीँबाट नश्ल सुधार गऱ्यौँ भने धेरै बीमा पनि गर्नु पर्दैन। त्यो आफैँ टिकाऊ हुन्छ। बाहिरबाट ल्याएकाका तुरुन्तै बीमा गर्नु पर्छ। किनभने त्यो त रुघा लागेर पनि मर्न सक्छ। यहाँको हावापानी मिल्दैन, अरु केके मिल्दैन। तसर्थः नश्ल सुधारमा हाम्रो अभियान, पशुपक्षी र कृषि क्षेत्रको विकासमा विशेष ध्यान जाओस्। हामीले अब नश्ल सुधारलाई एउटा अभियानकै रूपमा लानु पर्छ।

हामीले कर्मचारीलाई दक्ष बनाउने काम गरौँ। एउटा के छ भने ओएनएम गरौँ। कर्मचारी लिँदाखेरि अब कति पास छ मात्रै होइन। कम्प्युटर जान्दछ कि जान्दैन ? अंग्रेजी पढ्न सिकौँ। किनभने कतिवटा कुरामा अंग्रेजी नहुँदा काम चल्दैन। अंग्रेजी पढ्न लगाऔँ, सिकाऔँ। अंग्रेजी भनेको के हो र? त्यो केटाकेटीले पनि जान्दछन् नि ! अमेरिकामा केटाकेटी पनि बोल्छन्,

केटाकेटीले पनि पढ्छन् अंग्रेजी। केटाकेटीले बोल्ने भाषा हामीले किन नजान्ने ? त्यसकारण नजान्निने भन्ने कुरै छैन। त्यो सिकेदेखि तुरुन्तै जानिन्छ।

कर्मचारीको संख्यालाई संख्यात्मक मात्रै होइन कि गुणात्मक हिसाबले हेर्नु पऱ्यो। उनीहरूको 'क्वालिटी डेभलप' गर्ने, उनीहरूलाई 'वेल ट्रेन्ड' गर्ने, 'टिचर'लाई 'वेल ट्रेन्ड' गर्ने, कर्मचारीलाई 'वेल ट्रेन्ड' गर्ने र उनीहरूको 'क्यापासिटी विल्डअप' गर्न ध्यान केन्द्रित गर्नुपर्छ। हामी 'डिजिटिलाईजेसन' भनिराखेका छौँ भने कमसेकम अब खाली 'मेनुअल वर्क'मा मात्रै भर पर्न भएन। कर्मचारीहरू त्योभन्दा माथि उठ्नु पऱ्यो। त्यसो गरेपछि कर्मचारीको संख्या पनि, आधुनिकीकरण र औद्योगिकरणले मजदुरहरूलाई विस्थापित गऱ्यो भनेजस्तो यहाँ पनि मान्छेलाई कम्प्युटर र मेनुअल वर्कलाई मेशिनले विस्थापित गर्नु पऱ्यो नि ! खोई त त्यसरी विस्थापन गरेको ? हामीले प्रणाली त अलिकति खर्चिलो लिएकै छौँ। तर हामीले होस गर्नु पर्छ कि हाम्रो आवश्यकताअनुसार भनेर कर्मचारी संख्या धेरै बढाउँदै बढाउँदै लग्यौँ, त्यसलाई आधुनिकीकरण गरेनौँ, थोरै मान्छेले धेरै काम गर्नसक्ने गरी दक्षता बृद्धि गरेनौँ भने, आधुनिक तरिका अवलम्वन गरेनौँ भने र पूराका पूरा काम गर्ने नयाँ शैलीको विकास गरेनौँ भने फेरि हामी खर्चकै मारमा र खर्चकै भारमा पर्नेछौं। साधारण तर्फको खर्चले नै हाम्रो ढाड भाँच्ने अवस्था हुन्छ। संरचनागत निर्माण र मेन्टिनेन्सको खर्च तथा पेन्सनको भार बढी खडा गर्छ। किनभने, जति संख्या बढ्दै जान्छ, त्यति पेन्सन खर्च बढ्दै जान्छ। जति कर्मचारी संख्या ठूलो हुँदै जान्छ, सरकारको दायित्व पनि बढ्दै जान्छ, त्यत्तिकै पेन्सनको भार बढ्दै जान्छ।

**हामीले होस गर्नु पर्छ कि हाम्रो आवश्यकताअनुसार भनेर कार्मचारी संख्या धेरै बढाउँदै बढाउँदै लग्यौं, त्यसलाई आधुनिकीकरण गरेनौं, थोरै मान्छेले धेरै काम गर्नसक्ने गरी दक्षता बृद्धि गरेनौं भने, आधुनिक तरिका अबलम्वन गरेनौं भने र पूराका पूरा काम गर्ने नयाँ शैलीको विकास गरेनौं भने फेरि हामी खर्चकै मारमा र खर्चकै भारमा पर्नेछौं ।**



सामाजिक सुरक्षातर्फ हामी गइरहेकै छौँ। यसको आकर्षण छ, बाँड्न पाए 'पपुलर' भइन्थ्यो भन्ने पनि छँदैछ। बाँड्न पाए 'पपुलर' हुने र सबैले बाँड्न खोज्ने ! अनि भ्रुणमा रहेदेखि मृत्युसम्मको जिम्मा हामी लिन्छौँ भन्ने तर कामचाहिँ नगर्ने भयो भने त्यसरी जिम्मा लिँदालिँदै हामी केही पनि गर्न नसक्ने हालतमा पुग्छौँ। त्यसमा हामीले आधुनिक तरिका अवलम्बन गर्नु पर्छ। कर्मचारी संख्या अत्यावश्यक मात्रामा बढाउनु पनि पर्छ। कर्मचारीबिना काम कसरी हुन्छ र ? तर सँगैसँगै कर्मचारीको लागि तालीम, दक्षता र क्षमता अभिवृद्धि गराउने र दक्ष कर्मचारी लिने बाटो पनि हामीले समाउनु पर्छ।

प्रदेश र स्थानीय तहले जग्गा प्राप्तिको जो माग गरिराखेका छन्, त्यसमा विलम्ब गर्नुहुँदैन। कतिवटा कामका लागि उनीहरूले जग्गा मागिराखेका छन्। यो काम हामी गरिहाल्छौँ, यो ठाउँमा यो काम गर्छौं, विकासका कामको जुन कामहरूको लागि जग्गा मागिएको छ, त्यो हामीले उपलब्ध गराउनु पर्छ।

अर्कोचाहिँ प्रदेश र केन्द्र, प्रदेश र स्थानीय तहको बीचमा र मन्त्रालय-मन्त्रालयहरूको बीचमा, मन्त्रीहरूको बीचमा, मन्त्री र सचिव तथा मातहतको बीचमा र विभिन्न निकायहरूबीच जस्तैः संघ, प्रदेश र स्थानीय तहका कामहरूमा समन्वयात्मक ढंगले कसरी जान सकिन्छ ? त्यसमा ध्यान दिनु पर्दछ। उनीहरूका केन्द्रीय संगठनहरू छन्, जस्तोकि गाउँपालिका महासंघ, जिविस महासंघ र नगरपालिका संघ भनेर तिनका प्रमुखहरू, तिनका नेताहरू रहेको अवस्था छ, उनीहरूसँग पनि 'कम्युनिकेशन' र 'कोअर्डिनेशन' गर्ने, अनि अन्तर प्रदेशस्तरमा सबै पक्षहरूमा उनीहरूलाई पनि तोकेर, उनीहरूमार्फत पनि हाम्रा कुरा संप्रेषण गर्ने, उनीहरूमार्फत तहगत विषयहरूको कुरा पनि लिने र त्यहाँका समस्याहरूको सुनुवाई पनि गर्ने गर्नुपर्दछ। हामी यो विधिमा पनि जानु पर्छ भन्ने मलाई लाग्छ।

मैले सुरुमा पनि भनेँ, हामीले एउटा उचित बाटो समातेका छौँ। हामी सही बाटोमा छौं भन्ने मलाई लागेको छ। विकास निर्माणका सम्बन्धमा कसरी जाने भन्ने कुराहरूको बारेमा यस प्रकारको छलफल हामीले आयोजना गर्ने गरेका छौँ, यो पहिले गर्ने गरिएको थिएन। पहिले समन्वयको कमी हुँदा बग्गी एकातिर र घोडा अर्कोतिरको ताल थियो, विकास नहुनुको कारण त्यो पनि थियो। अब घोडा अगाडि-अगाडि र बग्गी पछाडि-पछाडि जस्तो लय मिलेको हुनुपर्छ र त्यो लय हामीले मिलाउने गर्नु पर्छ। विकास एउटा लयमा लैजाने कुरा हो। त्यो लय मिलेन भने अगाडि जाँदैन। त्यो लय मिलाउने कुरामा हामीले बढी ध्यान दिएका छौँ।

अझ आआफ्नो मन्त्रालयमा ध्यान दिन म सबैलाई आग्रह गर्छु। मैले मन्त्रालयगत तहमा मन्त्रीजीहरू र सचिवजीहरूसँग छुट्टै पनि छलफल गर्ने

**पहिले समन्वयको कमी हुँदा बग्गी एकातिर र घोडा अर्कोतिरको ताल थियो, विकास नहुनुको कारण त्यो पनि थियो। अब घोडा अगाडि–अगाडि र बग्गी पछाडि–पछाडि जस्तो लय मिलेको हुनुपर्छ र त्यो लय हामीले मिलाउने गर्नुपर्छ। विकास एउटा लयमा लैजाने कुरा हो। त्यो लय मिलेन भने अगाडि जाँदैन।**



छु। तर मन्त्रालयको स्थिति अझ गहिरोगरी सविस्तार र अलिक अन्तर्यमै पुगेर गर्ने र त्यहाँका समस्याहरूको समाधान गर्ने कामहरू पनि हामीले गर्नुपर्छ।

आज अब धेरै समय नलिउँ। मैले अस्तिको मन्तव्यसँगै यसलाई पनि जोडेर राखेको छु। सबै साथीहरूलाई अन्त्यमा हार्दिक धन्यवाद भन्न चाहन्छु।

धन्यवाद।

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
सिंहदरवार

“मन्त्रिपरिषद्मा हेरफेर पश्चात् २०७६ मंसिर ५ गते नवनियुक्त मन्त्रीहरू र बहालवाला सचिवहरूलाई सम्माननीय प्रधानमन्त्री श्री केपी शर्मा ओलीज्यूले पहिलो निर्देशन दिनुभयो । त्यसको चार दिनपछि मंसिर ९ गते सबै मन्त्रीहरू, सचिवहरू र राष्ट्रिय योजना आयोगका पदाधिकारी तथा सदस्यहरूबीच भएको समीक्षा बैठकमा दोस्रो निर्देशन दिनुभयो । चालू आर्थिक बर्षको पहिलो चौमासिक अवधिको समीक्षासहित दोस्रो चौमासिक अवधिमा गर्नुपर्ने कामका बारेमा उहाँका यी दुई महत्त्वपूर्ण मन्तव्यहरू अत्यन्तै मार्गनिर्देशक रहेका छन् ।”

प्रकाशकः
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
सिंहदरबार